# हाम्रो कलैया

## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम
## (१-८)

कलैया उपमहानगरपालिका
मधेश प्रदेश, बारा

सर्वाधिकारः कलैया उपमहानगरपालिका, बारा

प्राविधिक सहयोग : जन जागरण युवा क्लब (JJYC), बारा ।

परामर्शदाता : श्री बौधराज निरौला, काठमाडौ - ०३, महाराजगञ्ज , काठमाडौं ।

आवरण लेआउट तथा डिजाइनः नरेन्द्र कुमार निधि

प्रथम संस्करणः २०८२ बैशाख

## सुझाव एवम् सल्लाहः

१.श्री बिनोद प्रसाद साह,नगर प्रमुख

२.श्री रौशन प्रविन,नगर उप-प्रमुख

३.श्री नाथु साह,प्रमुख प्रशासकीय अधिकृत

४.श्री प्रहलाद प्रसाद वर्णवाल,उप-सचिव

५.श्री मनोज प्रसाद यादव,JJYC बारा

## पाठ्यक्रम लेखन :

१.श्री  विजय अधिकारी

२. श्री नरेन्द्र कुमार निधि

३. श्री पवन प्रसाद यादव

४. श्री रमेश प्रसाद कुशवाहा

५. श्री रितु बहादुर गुरुङ

## संपादन

१. नरेन्द्र कुमार निधि

२. गोमा अधिकारी

# भूमिका



संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठयक्रम प्रारूप २०७६ ले हरेक स्थानीय  तहलाई स्थानीय पाठयक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न दिशानिर्देश गरे अनुसार कलैया उपमहानगरपालिका नगरक्षेत्रका विद्यालयहरुमा कक्षा १-८ सम्म लागू गर्न यो स्थानीय पाठयक्रम तयार गरेको हो । यस स्थानीय  पाठयक्रमले नगरक्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ । यसबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ, आफ्नो ठाउँको कृषि, पशुपन्छीपालन, उद्योग तथा व्यापार—व्यवसाय, ऐतिहासिक तथा धार्मिक साथै सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचानसहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन । साथै यस पाठयक्रमले बालबालिकाहरूलाई नगरक्षेत्रमा रहेका व्यावसायिक क्षेत्रहरुको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिपसमेत हासिल गराउनेछ । परम्परागत पेसा व्यवसाय र स्थानीय प्रविधि तथा परम्परागत सामग्रीहरूलाई समेत यस पाठयक्रमले संरक्षण सम्बर्धन र विकास गर्न सहयोग  पुर्याउनेछ । स्थानीय कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असल आचरणसमेत विकास गरी  बालबालिकाहरूलाई असल एवम सक्षम नागरिक बन्न यस पाठयक्रमले सघाउ पुर्याउने  विश्वास लिइएको छ। विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकोले सुधार तथा परीक्षण गरी अझै प्रभावकारी बनाउनका लागि यस उपमहानगरपालिकाले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ । यो पाठयक्रम शैक्षिक वर्ष २०८२ मा कक्षा ४ देखि ८ सम्म  लागू गरिनेछ । यस पाठयक्रम निर्माण तथा प्रकाशनमा सहयोग गर्नु हुने पाठयक्रम निर्माण कार्यदल, पाठयक्रम विज्ञ, नगरक्षेत्रका शिक्षाविद, स्थानीय बुद्धिजीवी, नगर कार्यपालिकाका सदस्यहरू, जनप्रतिनिधिहरू, कर्मचारी, शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरू सबैमा धन्यवाद दिन चाहन्छु । साथै यस पाठयक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सहयोग र सहकार्य गरिदिनका लागि सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक  अनुरोध गर्दछु ।

**बिनोद प्रसाद साह**
**नगरप्रमुख**
**कलैया उपमहानगरपालिका,बारा**

## प्राक्कथन




नेपालको संविधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ। नगरका स्थानीय शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरू, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरि प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा कलैया उपमहानगरपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र सँस्कृति, पर्यटन, पेसा, प्रविधि र उद्यमशिलता, स्वास्थ्य र सफाइ, प्रकोप, पर्यावरण, व्यक्ति र संस्था लगायतका विषयवस्तुलाई समेटेर कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

कलैया एक विविधतायुक्त नगर भएको हुनाले स्थानीय पाठ्यक्रमका लागि सम्भावित क्षेत्रहरू अनेकौं छन् । केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषय क्षेत्र र स्थानीय आवश्यकताका लागि नभई नहुने विषय क्षेत्र तथा विषयवस्तुलाई समेटेर सकेसम्म प्राप्त सुझावहरूलाई विभिन्न विषय क्षेत्रमा वर्गीकरण गरी समूहगत छलफल गराइ स्थानीय आवश्यकतामा आधारित भई यो पाठ्यक्रम तयार गर्न खोजिएको छ । स्थानीय विषयलाई छुट्याइएको समयको परिधि र विद्यार्थीहरूको सिकाइ क्षमताभित्र रही तहगत र कक्षागत रूपमा राखिने विषयवस्तुहरूको टुङ्गो लगाउनु पर्ने बाध्यताका कारण कलैया उपमहानगरपालिकाका कतिपय विषयवस्तु समेट्न सकिएको छैन । स्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्द्धनमा सहयोग पुर्‍याउनुको साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुर्‍याउने अपेक्षा यस पाठ्यक्रमको रहेको छ ।

यो पाठयक्रम शैक्षिक वर्ष २०८२ मा कक्षा ४ देखि ८ सम्म लागू गरिनेछ । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्,प्रधानाध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरू प्रति कलैया उपमहानगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस उपमहानगरपालिकाले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

**नाथु साह**
**प्रमुख प्रशासकीय अधिकृत**
**कलैया उपमहानगरपालिका**

## शिक्षा शाखा प्रमुखको भनाइ



बालबालिकाको शिक्षा प्राप्त गर्ने पहिलो थलो घर परिवार भए पनि उनीहरुको सर्वाङ्गीण पक्षको विकास गर्ने थलो भनेको विद्यालय नै हो । यसका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पाठ्यक्रम हो। जुन देशमा जस्तो जनशक्तिको आवश्यकता छ, सोही अनुसारको पाठ्यक्रम निर्माण भयो भने मात्र त्यो देशको विकास तीव्र गतिमा हुन्छ। जसका लागि भित्रका हरेक क्षेत्रमा त्यहाँको भौगोलिक बनावट, जनसंख्या, जातजाति, भाषा, संस्कार संस्कृति, प्राकृतिक सम्पदा जस्ता बिषयवस्तुहरुको पहिचान, संरक्षण, संवर्द्धन र विकास गर्ने पाठ्यक्रम निर्माण हुनु पनि आवश्यक देखिन्छ।

कलैया उपमहानगरपालिकामा "हाम्रो कलैया" नामक यो स्थानीय पाठ्यक्रम, शिक्षाको राष्ट्रिय उद्देश्यले निर्धारण गरेको उद्देश्य बमोजिम कलैयाका भौगौलिक स्थिति, प्राकृतिक सम्पदाहरु, जातजाति, भाषा, भेषभूषा, संस्कार संस्कृति, स्थानीय पेशा, व्यवसाय र प्रविधि, कृषि, पर्यटन, स्थानीय पूर्वाधार, जनशक्ति पहिचान र जोखिम तथा विपद व्यवस्थापन, सामाजिक मूल्यमान्यता, स्थानीय जडिबुटी जस्ता विषयक्षेत्रहरुको पहिचान, संरक्षण, संवर्द्धन र विकास हुने गरी निर्माण गरिएको छ। जसका माध्यमबाट विद्यार्थीहरुमा उक्त विषयवस्तुहरुको सैद्धान्तिक र व्यवहारिक ज्ञान, सिप र प्रविधिको विकास भई यस क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुने अपेक्षा राखिएको छ । यस पाठ्यक्रम निर्माणका लागि दिशानिर्देश गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस उप महानगरपालिकाका नगरप्रमुख श्री बिनोद साह ज्यू विशेष धन्यवादका पात्र हुनुहुन्छ, त्यसैगरी यस पाठ्यक्रम निर्माण कार्यदलमा बसी आफ्नो अमूल्य समय र मेहनतका साथ जिम्मेवारी पूरा गरी पाठ्यक्रम निर्माण गर्नुहुने कार्यदलका सम्पूर्ण सदस्यहरुको कार्यक्षमता र लगनशीलता प्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद व्यक्त गर्दछु । अन्तमा यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवाला पक्षको अमूल्य साथ सहयोग र योगदान रहने छ भन्ने पूर्ण विश्वासका साथ प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

**राजिव यादव**
**शिक्षा शाखा प्रमुख**
**शिक्षा,युवा तथा खेलकूद महाशाखा**
**कलैया उपमहानगरपालिका,बारा**

## दुई शब्द



विकासको मेरुदण्ड शिक्षा हो। असल शिक्षाले असल नागरिक उत्पादन गरी समृद्ध राष्ट्र निर्माण गर्दछ । शिक्षा नै देश निर्माणको आधारशिला हो। मानिसमा अन्तरनिहित रुपमा रहेको प्रतिभालाई प्रस्फुटन गर्न औपचारिक शिक्षाको आवश्यकता पर्दछ। नेपालमा संघीय व्यवस्था पश्चात शिक्षा ऐन २०२८ अनुसार शिक्षाको संरचना आधारभूत तह १-८ र माध्यमिक तह ९-१२ गरी दुई भागमा विभाजन गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा स्थानीय तहले नै स्थानीय पाठ्यक्रम निर्माण गरी पठपाठन गराउने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन निर्देशिका २०७७ ले विद्यालय स्तरीय स्थानीय पाठ्यक्रममा स्थानीय तहमा भएका जातजाति, भेषभूषा, रहनसहन, संस्कृति, तालतलैया स्थानीय खाना आदिलाई समेटी पाठ्यक्रम निर्माण गर्न निर्देशित गरेको छ । जसको माध्यमबाट बालबालिकाले सजिलै स्थानीय स्तरमा भएका विषयवस्तुको जानकारी पाउने छन्। यस पाठ्यक्रम निर्माणको क्रममा विभिन्न विद्यालय, वडा कार्यालय र सङ्घ-संस्थामा गई विषयवस्तुको बारेमा जानकारी लिइएको छ, साथै स्थानीय स्तरका विभिन्न व्यक्तिहरुलाई पटक पटक भेटघाट र छलफल तथा शिक्षक कार्यशाला आयोजना गरिएको थियो । स्थानीय विज्ञ व्यक्तिहरुका सुझाव समेटी यो पाठ्यक्रमको विषयवस्तु संकलन गरिएको छ । विषयवस्तु संकलन तथा लेखनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सहयोग गर्ने अनुसूची ४ मा उल्लेखित महानुभाव ज्युहरुलाई हार्दिक धन्यवादका साथै सल्लाह सुझाव र निर्देशनको लागि नगर प्रमुख श्री बिनोद प्रसाद साह, नगर उपप्रमुख रौसन प्रविन , प्रमुख प्रशासकीय अधिकृत श्री नाथु साह, शिक्षा शाखा प्रमुख उपसचिव श्री प्रहलाद प्रसाद वर्णवाल , तथा कम्प्युटर सेटिङ लेआउट डिजाइन गरी सहयोग गर्नुहुने कार्यदल सदस्य श्री नरेन्द्र कुमार निधिलाई पनि हार्दिक धन्यवाद दिनुका साथै कृतज्ञता प्रकट गर्दछु । यो स्थानीय पाठ्यक्रम कलैया  उपमहानगरपालिकाको पहिलो प्रकाशन भएको हुँदा यसमा सबै कुरा समेट्न नसकिए तापनि कुनै त्रुटी भएमा यसलाई आलोचना भन्दा सकारात्मक सुझावको अपेक्षा सहित विद्वान्, प्राध्यापक, शिक्षक र शैक्षिक व्यक्तित्वहरुलाई अपिल गर्दै प्राप्त सुझावको आधारमा आगामी संस्करणमा परिमार्जन गरिने छ। अन्त्यमा, यो पाठ्यक्रम निर्माणको क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने विद्वान् मित्रहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**विजय अधिकारी**
**संयोजक**
**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**

विषयसूचि


| क्र स | विषयवस्तु | पेज नं. |
| --- | --- | --- |
| | **खण्ड १ः स्थानीय पाठ्यक्रमको औचित्य** | |
| १ | परिचय | १ |
| २ | स्थानीय पाठ्यक्रमको आवश्यकता | २ |
| ३ | स्थानीय पाठ्यक्रमको विशेषता | ३ |
| ४ | पाठ्यक्रमको विषय क्षेत्र | ४ |
| ५ | सक्षमता | ५ |
| ६ | एकिकृत स्वरुपको पाठ्यक्रम | ५ |
| ७ | पाठ्यक्रम कार्यान्वयन , मूल्याङ्कन र परिमार्जन | ६ |
| | **खण्ड २ : कक्षा १-३ को स्थानीय पाठ्यक्रम** | |
| ८ | कक्षागत सिकाइ उपलब्धि | ७ |
| ९ | विषयवस्तुको क्षेत्र र क्रम | ९ |
| १० | विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा | १३ |
| ११ | विषयवस्तुको विस्तृतीकरण | १४ |
| १२ | शिक्षण सिकाइ योजना निर्माण | ३१ |
| १३ | सिकाइ सहजीकरण विधि र प्रक्रिया | ३२ |
| १४ | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ३५ |
| १५ | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | ३९ |
| | **खण्ड ३ : कक्षा ४-८ को स्थानीय पाठ्यक्रम** | |
| १६ | विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा | ४० |
| १७ | कक्षा ४-५ को सिकाई उपलब्धि | ४१ |
| १८ | कक्षा ४-५ को विषयवस्तुको क्षेत्र क्रम र तिनको विस्तृतीकरण | ४३ |
| १९ | कक्षागत सिकाई उपलब्धि कक्षा ६-८ | ५८ |
| २० | कक्षा ६-८ को विषयवस्तुको क्षेत्र क्रम र तिनको विस्तृतीकरण | ६१ |
| २१ | शिक्षण सिकाइ विधिहरु | ७६ |
| २२ | विद्यार्थी मूल्याङ्कन | ७७ |
| २३ | अनुसूची-१ः कक्षा १-३ को विद्यार्थी सिकाइ उपलब्धि अभिलेख फारम | ८३ |
| २४ | अनुसूची-२ः कक्षा १-३ को विद्यार्थीको समग्र विषयको प्रगतिको प्रतिवेदनको ढाँचा | १०७ |
| २५ | अनुसूची-३ः परियोजना कार्य, प्रयोगात्मक तथा सिर्जनात्मक कार्यसंबन्धी क्रियाकलापहरु | १०८ |
| २६ | अनुसूची-४ः कलैया उपमहानगरपालिका भित्रका विद्यालयका प्र.अ.को नामावली | ११३ |

## खण्ड १

## स्थानीय पाठ्यक्रमको औचित्य

### १. परिचय

निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो । पाठ्यक्रममा विभिन्न अनुभवहरूलाई व्यवहार उपयोगी बनाउन निश्चित कार्यक्रम दिइएको हुन्छ । व्यापक रूपमा भन्नुपर्दा पाठ्यक्रम भनेको शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाईएको शैक्षिक कार्यक्रम हो, तापनि यसको विशिष्टतालाई हेर्दा यो प्रत्यक्ष रूपमा विद्यार्थीहरूको सिकाइ सक्षमतासँग सम्बन्धित एउटा दस्तावेज हो । पाठ्यक्रममा सिक्ने व्यक्तिको मानसिक, शारीरिक, सामाजिक र नैतिक विकासमा सहायता हुने विद्यालय भित्र र बाहिरका समस्त अनुभवहरू एउटा कार्यक्रमका रूपमा समावेश भएका हुन्छन् । त्यसैले पाठ्यक्रम शिक्षाका दर्शनको लक्ष्य प्राप्त गर्ने एउटा साधन हो । संरचनागत रूपमा पाठ्यक्रम भन्नाले लक्ष्य, विषयवस्तु, प्रक्रिया, श्रोत र मूल्याङ्कनका साधन आदि बुझिन्छ । जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिन्छ । विषय र ज्ञानका दृष्टिले हेर्दा पाठ्यक्रमलाई मानव जातिकै सम्पूर्ण ज्ञान र अनुभवको सारको रूपमा लिन सकिन्छ । पाठ्यक्रमका प्रत्यक्ष उपभोक्ता भनेका शिक्षक र विद्यार्थी हुन् भने उपभोग गराउने माध्यम विद्यालय र समाज भएकाले वास्तवमा विद्यालयभित्र र बाहिर विद्यार्थीमा इच्छित उपलब्धिहरू हासिल गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रमका रूपमा लिन सकिन्छ ।

स्थानीय पाठ्यक्रम अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, र स्थानीय ज्ञान, सीप, कला तथा प्रविधिमा आधारित विषयहरू समेट्नु पर्ने भएकाले यस पाठ्यक्रममा सबै विषयवस्तुहरुलाई नै समेट्ने प्रयास गरिएको छ । नयाँ पुस्ताले आफ्ना परम्परागत चाडपर्व, संस्कार र संस्कृति बिर्सदै छन् । उनीहरू आधुनिकताका नाममा पाश्चात्य संस्कृतिबाट प्रभावित हुदै छन् । यसो हुनुमा हामीले उनीहरूलाई हाम्रो संस्कृतिको महत्व बुझाउन नसक्नु पनि हो । हाम्रा परम्परागत संस्कृतिहरू त्यसै आएका होइनन् । यो तयार हुन धेरै समय लागेको छ । यस्ता संस्कृतिमा हाम्रो चिनारी र पहिचान लुकेको हुन्छ । त्यसैले यस्ता चाडपर्व र संस्कृतिहरूलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै लैजानुपर्दछ । उनीहरूलाई त्यसको महत्व बुझाउन सक्नुपर्छ । नत्र एक पुस्ता अर्को पुस्ता हुदै यी संस्कृतिहरू हराएर जान सक्छन् । यी विभिन्न संस्कृति र चाडपर्वहरूमध्ये विशेष गरेर कलैया नगर क्षेत्रमा मनाइने पर्वहरू पनि प्रमुख मानिन्छन। यस्ता पर्वको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व रहेको छ । त्यसैले यी पर्वका बारेमा नयाँ पुस्तालाई पनि जानकारी गराउने, पर्वको महत्व बुझाउने र सक्रियताका साथ पर्व मनाउन सहभागी गराउने मुख्य उद्देश्य लिएर यस पाठ्यक्रममा यस्ता बिबिध विषयवस्तुहरू पनि समावेश गरिएको छ ।

लोकतन्त्र, मानव अधिकारको संरक्षण र संबर्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका, स्वरोजगार उन्मुख असल चरित्र भएका र एक्काइसौं शताब्दीमा व्यक्ति समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्न सक्रिय योगदान पुर्याउन सक्ने नागरिक तयार गर्नु वर्तमान नेपालको विद्यालय शिक्षाको दूरदृष्टि रहेको छ । त्यसैले वर्तमान विद्यालय शिक्षा पनि यसै दृष्टिकोणबाट अगाडि बढी रहेको छ । पाठ्यक्रम विकास र परिमार्जन कार्य गतिशील निरन्तर चलिरहने प्रक्रिया भएकाले विद्यार्थी, अभिभावक, समाज र राष्ट्रको आवश्यकताअनुसार पाठ्यक्रममा समसामयिक सुधार तथा परिमार्जन भइरहन्छ । देशको सामाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक परिवर्तन तथा ज्ञान, विज्ञान र शिक्षा क्षेत्रमा भएका विकासलाई

आत्मसात् गरेर पाठ्यक्रमलाई समय सापेक्ष बनाउनुपर्छ भन्ने मान्यताका साथ कक्षा १ देखि कक्षा ८ लाई लक्षित गरी कलैया उपमहानगरद्वारा **हाम्रो कलैया** पाठ्यक्रम तयार गरिएको छ ।

नेपालको संविधानले आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न संघीय गणतन्त्रको स्थापना गरे पश्चात यसको कार्यान्वयन बिभिन्न तह र क्षेत्रबाट भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनका लागि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पूरा गर्न यसका सैद्धान्तिक र व्यवहारिक पक्षलाई हरेक नागरिक समक्ष पुऱ्याउन शिक्षाले प्रमुख भूमिका खेल्दछ । वर्तमान संविधानको अनुसूची - ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ मा स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घन्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्यघन्टा १२८ निर्धारण गरेको छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ । स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामाग्री २०६६ का अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" । स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथासम्भव कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यस पाठ्यक्रमले पनि कलैया उपमहानगरपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरुले औपचारिक रुपमा आफ्नो गाउँ,समाज,भूगोलको वस्तुनिष्ट ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरुका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ। यस पाठ्यक्रमबाट बालबालिकाहरुले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३ ) को ढाँचा २०७६ स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको छ । एकीकृत पाठ्यक्रम देशभरीमा २०७७ साल देखि लागू भएको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १-३ सम्ममा पाँच ओटा विषय - गणित, नेपाली. अंग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय राख्नुपर्ने प्रावधान छ । बालबालिकाको सिकाइ आफ्नो वासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ। त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउं तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरुबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि

मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक सामाजिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सबै सरोकारवालाहरुको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति ज्ञान र सिपलाई पूर्ण रुपले समेट्न सम्भव हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जोड्न ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भैगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएको र संवैधानिक तथा नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले कलैया उपमहानगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछन् :

क. स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न ।

ख. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।

ग. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन ।

घ. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ङ. स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

च. परम्परागत पेसा व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

छ. स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न ।

ज. स्थानीय भाषा र लिपिको बारेमा परिचित भइ यसको प्रयोग तथा प्रवर्धन गर्न ।

## ३. स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो । यस पाठ्यक्रमलेः

क. स्थानीय आवश्यकताको परिपूर्ति गर्दछ ।

ख. स्थानीय मागमा आधारित छ ।

ग. स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्दछ ।

घ. सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चित गर्दछ ।

ङ. अपनत्वको भावना विकास गराउँछ ।

च. स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

छ. रोजगार तथा स्वरोजगार सिर्जना गर्छ ।

ज. सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिन्छ ।

झ. विद्यार्थी केन्द्रित विधिमा जोड दिन्छ ।

ञ. शिक्षण सिकाइमा सूचना, संचार प्रबिधिको प्रयोगमा जोड दिन्छ ।

ट. गरेर सिक्ने अवसर र स्थलगत अध्ययनमा जोड दिन्छ ।

स्थानीय पाठ्यक्रमको क्षेत्र विशिष्टीकृत हुन्छ । यो व्यवहारमा आधारित अवधारणामा बन्दछ । स्थानीय आवश्यकतामा आधारित भई स्थानीय विज्ञबाट विकास गरिन्छ । यसको विकास गर्ने मूल स्थान स्थानीय स्तर हो । त्यसैले यसमा अपनत्व बढी हुन्छ । सहभागिताको दृष्टिले व्यापक हुन्छ । यसको निर्माण स्वनिर्देशित र मागमा आधारित भई बनेकोले यसमा प्रयोग हुने विषयवस्तु सान्दर्भिक र उपयोगी हुन्छ । त्यसैले यस पाठ्यक्रमका एकरुपता हुँदैन । यसको प्रमाणीकरण स्थानीय स्तरमा हुन्छ ।

## ४. पाठ्यक्रमको विषय क्षेत्र

कलैया उपमहानगरपालिकाको परिचय सहित यस पालिकाको ऐतिहासिक तथा पर्यटकीय स्थल,धर्म,संस्कृति र संस्कार,कृषि,जडिबुटी र व्यवसाय,वातावरण प्रकोप र सरसफाई ,संघ,संस्था र व्यक्ति परिचय ,स्थानीय प्रबिधि र पेशा ,स्थानीय भाषा र लिपि लगायतका आठ क्षेत्रमा विभाजित मुख्य विषयवस्तु निम्नानुसार रहेका छन् ।

१. कलैया परिचय : कलैयाको भौगोलिक, सामाजिक अवस्था र विकास निर्माण

२. ऐतिहासिक तथा पर्यटकीय स्थल : मठ,मन्दिर,मस्जिद,ताल पोखरी ,नदी, जनावर

३. धर्म,संस्कृति र संस्कार : बिभिन्न धर्म,जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति

४. कृषि,जडिबुटी र व्यवसाय : स्थानीय बालीनाली,तरकारी,फलफूल,जडिबुटी र विभिन्न पेशा व्यवसाय

५. वातावरण,प्रकोप र सरसफाइ : प्रकोप,बोट बिरुवा,व्यक्तिगत सरसफाई, वातावरण संरक्षण र हरित विद्यालय

६. संघ,संस्था र व्यक्ति परिचय : स्थानीय संघ,संस्था,समाजमा योगदान पुर्याएका विशिष्ट व्यक्तित्वहरु

७. स्थानीय प्रविधि र पेशा : स्थानीय परम्परागत प्रविधि ,स्थानीय पेशा

८. स्थानीय भापा र लिपि : थारु भाषा,भोजपुरी भाषा,उर्दु भाषा,कैथी लिपि

## ५. सक्षमता

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाई क्षमतास्तरका आधारमा आधारभूत तहको कक्षागत खाका देहाय बमोजिम निर्धारण गरिएको छ :

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| आधारभूत | कक्षा १-३ | ५ देखी ७ वर्ष सम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखी ९ वर्ष सम्म | तह २ |
| | कक्षा ६-८ | १० देखी १२ वर्ष सम्म | तह ३ |

आधारभूत तह (कक्षा १-३) सम्मको हाम्रो कलैया विषयको अध्ययन पश्चात विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासील गर्नेछन् :

१. आफू बसेको वडा र उपमहानगरपालिकाको भौगोलिक अवस्था,साँध सिमाना, जनसंख्या, जातजातिको चिनारी ।
२. मठ,मन्दिर,मस्जिद,नदीनाला र सार्बजनिक स्थलको बारेमा जानकारी र संरक्षणमा सहभागिता
३. बिभिन्न जातजातिले अपनाउने रीतिरिवाज, संस्कार र संस्कृतिको पहिचान र अनुसरण
४. स्थानीय बालीनाली,तरकारी,फलफूलको पहिचान तथा उपयोग
५. प्रकोप र वातावरण संरक्षण प्रति सजग र हरित विद्यालय तथा व्यक्तिगत सुरक्षा तथा सरसफाइको उपाय अवलम्बन ।
६. स्थानीय प्रबिधिहरुको परिचय ,महत्व र उपयोग

आधारभूत तह (कक्षा ४-८) सम्मको हाम्रो कलैया विषयको अध्ययन पश्चात विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

१. आफू बसेको वडा र कलैया उपमहानगरपालिकाको भौगोलिक अवस्था,सामाजिक तथा सांस्कृतिक अवस्थाको चिनारी
२. धार्मिक स्थल तथा पर्यटकीय स्थलको परिचय महत्व र संरक्षणका उपायहरु
३. प्रशिद्ध धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको जानकारी, संरक्षण र प्रवर्द्धन
४. विभिन्न जातजातिले अपनाउने रीतिरिवाज, संस्कार र संस्कृतिको पहिचान र अनुसरण
५. स्थानीय र परम्परागत पेशा, व्यवसाय र उद्यमशिलताको प्रवर्तनात्मक उपयोग
६. प्रकोप र वातावरण संरक्षण प्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्बन
७. स्थानीय परंपरागत प्रविधिको जानकारी, संरक्षण र प्रवर्द्धन
८. स्थानीय भाषा र लिपिको पहिचान र अभ्यास र प्रवर्धन

## ६. एकिकृत स्वरुपको पाठ्यक्रम

कक्षा १- ३ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाको लागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ । विद्यालय शिक्षाको कक्षा १-३ को पाठ्यक्रम एकिकृत ढाँचा (बहुविषयक र अन्तरविषयक) मा तयार गरिएको छ ।

विद्यार्थीहरुको मूल्याङ्कन सिकाइ उपलब्धि हासिल भए नभएको यकिन गरी सक्षमताका आधारमा मापन गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन गर्दा एकीकृत पाठ्यक्रमले अवलम्बन गरेको मान्यता र अवधरणालाई यस पाठ्यक्रम अवलम्बन गरेको छ । त्यसैले स्थानीय विषयको पाठ्यक्रम अन्तरविषय वा बहुविषयक नभएर विषयक हो भने यस पाठ्यक्रमले अवल्बन गरेको मूल्याङ्कन प्रक्रिया एकीकृत पाठ्यक्रमले अङ्गिकार गरेको सिकाइ सक्षमताको आधारमा गर्ने प्रस्ताव गरिएको छ ।

कक्षा ४- ८ को यो स्थानीय पाठ्यक्रम विद्यालय शिक्षाको लागि विकास गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई विकास गरिएको छ । विद्यालय शिक्षाको कक्षा ४-८ को पाठ्यक्रम एकीकृत ढाँचा (बहु विषयक ढाँचामा तयार गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन सिकाइ उपलब्धिलाई हासिल भए नभएको यकिन गरी सक्षमताका आधारमा मापन गरिएको छ । विद्यार्थीहरुको मूल्याङ्कन गर्दा एकिकृत पाठ्यक्रमले अवलम्बन गरेको मान्यता र अवधरणालाई यो पाठ्यक्रम अवलम्बन गरेको छ । कक्षा ४- ८ सम्मको पाठ्यक्रमको मूल्याङ्कन प्रक्रिया ५० प्रतिशत आन्तरिक र बाँकी ५० प्रतिशत बाह्य हुनेछ ।

**७. पाठ्यक्रम कार्यान्वयन , मूल्याङ्कन र परिमार्जन**

पाठ्यक्रम एक गतिशील दस्तावेज हो । कुनै पनि पाठ्यक्रमको कार्यान्वयन गरेपछि सरोकारवालाहरु प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ। एकातिर समाजको मूल्यमान्यता, परिवेश, विषयक्षेत्रको प्राथमिकता समयको अन्तरालमा परिवर्तन हुदै जान्छ ।विश्व परिवेश सूचना तथा प्रविधिमा भएको विकास र कक्षा शिक्षणमा त्यसको प्रभावले गर्दा पाठ्यक्रमलाई समय सापेक्ष बनाउन वाञ्छनीय हुने भएकाले पाठ्यक्रमको मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर रुपमा गर्नु पर्दछ । यो पाठयक्रम शैक्षिक वर्ष २०८२ मा कक्षा ४ देखि ८ सम्म लागू गरिनेछ । पाठ्यक्रम कार्यान्वयनको क्रममा शिक्षक , विद्यार्थी , अभिभावक , विज्ञ, जनप्रतिनिधि लगायत सरोकारवालाहरुबाट प्राप्त सुझाबका आधारमा परिमार्जन गरिनेछ । यस पाठ्यक्रममा समय सापेक्ष सामान्य परिवर्तन हरेक शैक्षिक सत्रमा, पाँच वर्षमा पाठ्यक्रमको पुनरावलोकन र दश वर्षमा आवश्यकता अनुसार पाठ्यक्रम पूर्ण रुपमा परिवर्तन गरी नयाँ पाठ्यक्रम विकास गर्न सकिनेछ ।

## खण्ड २ :
## कक्षा १-३ को स्थानीय पाठ्यक्रम

### १. कक्षागत सिकाइ उपलब्धि

तालिका १ :स्थानीय विषय "हाम्रो कलैया" को कक्षागत सिकाइ उपलब्धि

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १.कलैया परिचय | १. आफ्नो परिचय दिन<br>२. आफ्नो टोलको परिचय दिन | १. आफ्नो वडाको सामान्य परिचय दिन<br>२. आफ्नो वडामा रहेका टोलहरुको नाम बताउन | १. कलैया उप-महानगरपालिकाको परिचय दिन<br>२. कलैयाको प्रमुख बिशेषताहरु बताउन |
| २. ऐतिहासिक,तथा पर्यटकीय स्थल | ३. ऐतिहासिक स्थलको परिचय दिन<br>४. पर्यटकीय स्थलको परिचय दिन | ३. ऐतिहासिक स्थलको विशेषता तथा महत्व बताउन<br>४. पर्यटकीय स्थलको विशेषता तथा महत्व बताउन | ३. मटिअर्वा प्रवेश द्वारको-अवस्थिति र बनोट बताउन<br>४. मटिअर्वा प्रवेश द्वारको महत्व बताउन |
| ३. धर्म,संस्कृति र संस्कार | ५. स्थानीय धर्महरुको सुची तयार गर्न<br>६. हिन्दु र मुस्लिम धर्मावलम्बीहरुका सामान्य संस्कार बताउन | ५. दुलदुल घोडा नाचको परिचय दिन<br>६. दुलदुल घोडा नाच अभिनय गरेर देखाउन<br>७. स्थानीय चाडपर्वको नाम भन्न र सूची तयार गर्न | ५. स्थानीय संस्कृति झल्कने चित्र कोर्न<br>६. बौद्ध,क्रिश्चियन धर्मको सामान्य संस्कार बताउन<br>७. स्थानीय लोक गीतहरु गाउन<br>८. स्थानीय पोशाकहरुको सूची तयार पार्न |
| ४. कृषि, जडिबुटी र व्यवसाय | ७. बर्षभरिमा उत्पादन हुने बालीहरुको नाम बताउन<br>८. घरमा पालिने पशु पंक्षीहरुको नाम बताउन | ८. स्थानीय फलफूलहरुको सूची तयार गर्न<br>९. स्थानीय स्तरमा उपलब्ध तरकारीहरुको नाम बताउन<br>१०.नगदेबालीहरुको सूची तयार | ९. स्थानीय जडिबुटीहरुको नाम बताउन<br>१०. मौसम अनुसार उत्पादन हुने तरकारी बालीहरुको सुची तयार गर्न<br>११. स्थानीय जडिबुटीहरुको प्रयोग बताउन<br>१२. स्थानीय-अन्नबालीहरुको नाम बताउन |

| | | | |
|---|---|---|---|
| ५. वातावरण, प्रकोप र सफाइ | ९. आफ्नो घर वरपरको बोट बिरुवाहरुको नाम बताउन<br>१०. हात-खुट्टा धुन<br>११. दाँत माझ्न | ११. आफ्नो घर परिवारको बोटबिरुवाहरुको नाम लेख्न<br>१२. व्यक्तिगत सरसफाइको लागि आवश्यक पर्ने सामग्रीहरुको सूची तयार गर्न<br>१३. जाडोबाट बच्ने उपायहरु बताउन | १३. चर्पी ,धारा र वरपरका वातावरण सफा राख्ने उपाय बताउन<br>१४. पिउने पानी सुरक्षित राख्ने उपाय बताउन<br>१५. गर्मी तथा लु बाट बच्ने उपायहरु बताउन<br>१६. आफ्नो कक्षाकोठा सफाइ गर्न<br>१७. विद्यालय तथा सडकमा अपनाइने सुरक्षाका उपायहरू बताउन |
| ६. स्थानीय पेसा र प्रविधि | १२. आफ्नो परिवारको सदस्यहरुले गर्ने पेसाको नाम बताउन<br>१३. आफ्नो छिमेकका मानिसहरुले गर्ने पेसाको नाम बताउन<br>१४. स्थानीय पेसामा प्रयोग हुने औजारहरुको नाम बताउन | १४. आफ्नो परिवारका सदस्यहरुले गर्ने पेसाको फाइदा बताउन<br>१५. आफ्नो छिमेकका मानिसहरुले गर्ने पेसाको फाइदा बताउन<br>१६. स्थानीय पेसामा प्रयोग हुने औजारहरुको काम बताउन | १८. लोहसारीको परिचय दिन<br>१९. स्थानीय प्रविधिको नाम संकलन गर्न<br>२०. यस पालिकामा बसोबास गर्ने मानिसहरुको पेशा बताउन |

## २. विषयवस्तुको क्षेत्र र क्रम

| क्र.स. | क्षेत्र | कक्षा-१ | कक्षा-२ | कक्षा-३ | कक्षा-४ | कक्षा-५ | कक्षा-६ | कक्षा-७ | कक्षा-८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | कलैया परिचय | -आफ्नो टोलको सामान्य परिचय | -आफ्नो वडाको सामान्य परिचय | -कलैया उप-महानगरपालिकाको परिचय र विशेषता | -कलैया उप-महानगरपालिकाको जातिको परिचय<br>--कलैया उप-महानगरपालिकाको शैक्षिक संस्थाको परिचय | -वडा कार्यालयबाट प्रदान गर्ने सेवा<br>-कलैयाको स्थानीय श्रोतहरु | -कलैया उप-महानगरपालिकाबाट प्रवाह हुने सेवाहरु<br>-स्थानीय जन प्रतिनिधि | -कलैयाको सार्बजनिक स्थल (मठ,मन्दिर,मस्जिद,पार्क,विद्यालय, हाट,बजार,सडक, धर्मशाला)को परिचय र संरक्षण<br>-नगर सभाको गठन र काम कर्तव्य | -नगर कार्यपालिका गठन र काम कर्तव्य<br>-नगर न्यायिक समिति काम कर्तव्य<br>-कलैया उप-महानगरपालिकाको नक्साङ्कन र विभिन्न ठाउँहरु |
| २. | ऐतिहासिक, तथा पर्यटकीय स्थल | -ऐतिहासिक तथा पर्यटकीय स्थलको परिचय | -ऐतिहासिक तथा पर्यटकीय स्थलको बिशेषता तथा महत्व | -मटिअर्वा प्रवेश द्वारको परिचय र महत्व | -स्थानीय पार्क,पोखरी,नदी,हाटबजार,मेलाको परिचय<br>-अतिथि सत्कार | -पर्यटनको परिचय तथा महत्व( मुक्तेश्वर नाथ मन्दिर सिद्धेश्वर खेलकुद मैदान) | -सिद्धेश्वर नाथकोमन्दिर परिचय तथा महत्व<br>-छठिया पोखरीको परिचय तथा महत्व | -चिमनी माई,राजदेवी माई, महावीर मन्दिर,जामिया मस्जिदको परिचय र महत्व | -बरेवा दरबारको परिचय र महत्व<br>-पर्यटनमा देखिएका समस्या तथा पर्यटन प्रवर्धनका उपायहरु |
| ३. | धर्म, संस्कृति र | -स्थानीय धर्म र | -दुलदुल घोडाको | दाहा(मोहर्रम) धार्मिक | -समाचकेवा को परिचय र | -छठ पर्वको परिचय र | जाटजटिन,डोमकछ,नेटुवाको | -स्थानीय पहिरन तथा भेष भूषाको | -झन्डीमेलाको परिचय र महत्व |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संस्कार | धर्मावल म्बीहरुको परिचय | नाच<br>- स्थानीय चाड पर्वको परिचय | तथा सांस्कृतिक महत्व | विशेषता<br>-इदको पर्वको परिचय र बिशेषता | महत्व<br><br>-होली(फगुवा) पर्वको परिचय र महत्व | नाचको परिचय र महत्व<br>-स्थानीय बाजाको परिचय र महत्व | परिचय र प्रयोग<br><br>-स्थानीय लोकगीत<br><br>-मुस्लिम धर्मावलम्बीक मुख्य संस्कारहरु | स्थानीय लोक संस्कृति लोप हुने कारण र संरक्षण गर्ने उपायहरु<br><br>-हिन्दु धर्मावलम्बीका प्रमुख संस्कारहरु |
| ४. | कृषि, जडिबुटी र व्यवसाय | -वर्षभरिमा उत्पादन हुने बालीको<br>-घरपालुवा जनावरहरु | -<br>फलफूल,तरकारी,-नगदेबालीको परिचय | -मौसम अनुसार हुने तरकारी, तथा अन्नबाली को महत्व | -स्थानीय स्तरमा उत्पादन हुने बालीहरुको उत्पादन विधि र सुरक्षा | -रैथाने र लोपोन्मुख बालीको परिचय र महत्व<br>-बेमौसमी तरकारी खेती | -कृषिमा जैविक औषधीको प्रयोग<br>-जडिबुटी उत्पादन | -पशुपक्षी पालनको आधुनिकीकरण (गाई, भैंसी, बंगुर)<br>-जडिबुटी उत्पादन | - उद्योगको महत्व, बजारीकरण, व्यवसाय<br>-परम्परागत र आधुनिक कृषि बिचको भिन्नता<br>-कृषि व्यवसायको विकास<br>- जडिबुटी |
| ५. | वातावरण, प्रकोप र सफाइ | -आफ्नो घर वरपरका विरुवाहरु | -आफ्नो घर वरपरका बिरुवाहरुको नाम | -आफ्नो घरवरपर का विरुवाहरु | -वृक्षारोपण र हेरचाह<br>-प्राकृतिक र कृत्रिम गुण | -घर र विद्यालयबाट निस्केका फोहोरहरुको | घर र विद्यालयबाट निस्केका फोहोरहरुको | -हरित विद्यालयको अंगहरुको बारेमा<br>-वृक्षारोपण | -प्रदुषणको कारण र रोकथाम<br>- भोजन र पोषण व्यवस्थापन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कको परिचय<br>-शरीरको सरसफाइ तरिका र अभ्यास | -व्यक्तिगत सामग्रीहरुको हिफाजत र सरसफाईको परिचय | को महत्व<br>-<br>कक्षाकोठा को सरसफाइ | भएको खाना | वर्गीकरण<br>-पानी पिउने सही मात्रा र तरिका | व्यवस्थापन<br>-अम्लीय र क्षारीय गुण भएको खाना | -इको क्लब<br>-विपद् व्यवस्थापन (बाढी र खडेरी)<br>-योग | -विपद् व्यवस्थापन (आगलागी, शीतलहर)<br>-योग |
| ६. | संघ संस्था र व्यक्ति परिचय | | | | -सामाजिक संघसंस्था र समाजसेवा<br>-नेपाल रेडक्रस<br>-जनजागरण युवा क्लबको सामान्य परिचय | -सामाजिक संघसंस्था र समाजसेवा<br>-नेपाल स्काउट, जनहित पुस्तकालय<br>- द अग्रवाल फाउण्डेसन | -सामाजिक संघसंस्था र समाजसेवा<br>-पशुपति पुस्तकालय<br>-देवकोटा स्मृती सभा,<br>अमृता अनाथ आश्रम | -विशेष व्यक्तित्वहरुको जीवनी<br>-गोपाल ब्रम्हचार्य, पन्नादेवी<br>-अम्मर बहादुर फौजदार (श्री ३ चन्द्र मा.वि.को संस्थापक) | -विशेष व्यक्तित्वहरुको जीवनी<br>-मोहन बिक्रम साह<br>- रामलाल चनावाला (रामराजा क्याम्पस निर्माता) |
| ७. | स्थानीय पेसा र प्रविधि | -स्थानीय र परम्परागत पेसाको परिचय | -स्थानीय र परम्परागत पेसाको महत्व | -स्थानीय र परम्परागत पेसाको संरक्षण | -स्थानीय र परम्परागत प्रविधिको परिचय र प्रयोग | -बाँसका विभिन्न सामग्रीहरुः नाङ्लो, झाडु, डलिया, मुजेली, चङेली, दौरा, ढकी | -काठका विभिन्न सामग्रीहरुः गुड्काउना, रहि, बयलगाडा, ढिकी | -माटाका विभिन्न सामानहरुः हण्डी, कन्तारो, घैला, खुत्रुके, चमुक, दियो, धुपौरो, कलश,घैंटो, गाग्रो | -वेतबाट निर्मित सामग्रीहरुः खाट, कुर्सी, ह्याङ्गर, भाँडावर्तन राख्ने रयाक, चुरा राख्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | स्थानीय भाषा, लिपि | | -थारु भाषाःपरिचय | - संस्कृत लिपि परिचय र महत्व | -उर्दु लिपिको परिचय र महत्व | -थारु लिपीमा कथा, कविता लगायतको सामग्री | -कैथी लिपिको परिचय,<br>-भोजपुरी भाषाको परिचय<br>-भोजपुरी भाषा साहित्य |

## ३. विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा

तालिका ३ : विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कार्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | कलैया परिचय | २४ | २४ | २४ |
| २ | ऐतिहासिक तथा पर्यटकीय स्थल | २८ | २८ | २८ |
| ३ | धर्म,संस्कृति तथा संस्कार | २८ | २८ | २८ |
| ४ | कृषि,जडिबुटी र व्यवसाय | २७ | २७ | २७ |
| ५ | वातावरण,प्रकोप र सरसफाइ | २६ | २६ | २६ |
| ६ | स्थानीय पेशा र प्रविधि | २७ | २७ | २७ |
| | जम्मा | १६० | १६० | १६० |

## ४. विषयवस्तुको क्षेत्र तथा क्रमको विस्तृतीकरण

### विषयवस्तुको विस्तृतीकरण

**कक्षा -१**

| क्र.स. | विषय क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्यांकन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो कलैया | -आफू र आफ्नो परिवारको परिचय<br><br>-आफ्नो विद्यालयको नाम<br><br>-आफ्नो गाउँ टोलको सामान्य परिचय | -आफ्नो परिचय दिन<br>-आफ्नो विद्यालयको नाम बताउन<br><br>-आफ्नो टोलको परिचय दिन<br>-आफ्नो छिमेकी टोलको नाम बताउन | -आफू र आफ्नो परिवारको नाम<br><br>-आफ्नो विद्यालयको नाम<br>-आफ्नो गाउँ,टोलको नाम<br><br>-छिमेकी टोलको नाम | -शिक्षकले आफू र आफ्नो परिवारको परिचय दिने र विद्यार्थीहरुलाई पालैपालो आ-आफ्नो परिचय दिन लगाउने<br><br>-शिक्षकले परिवारका विभिन्न सदस्यहरु चिनाउने चित्र ,पोस्टर तथा भिडियो प्रस्तुत गर्ने र विद्यार्थीहरुलाई आफ्नो परिवारको सदस्यहरु भन्न लगाउने (आमा,बुवा,हजुर बा,हजुर आमा, दिदि, दाजु ,बहिनी, भाइ )<br><br>- विद्यार्थीहरुलाई पालैपालो आफ्नो विद्यालयको नाम भन्न लगाउने<br>-विद्यार्थीहरुलाई एकआपसमा आफु बसेको टोल र छिमेकी टोलको नाम सोध्न लगाउने<br>-शिक्षकले सहजीकरण गर्ने | -परिवारको सदस्यहरु भएको चित्र<br>-परिवारको सदस्यहरुको नाता देखाउने चित्र ,फोटो ,भिडियो<br>-विद्यालयको नाम भएको फोटो वा चित्र<br>- वडामा भएका टोलहरुको नाम भएको चित्र | -परिवारको सदस्यहरुको नाम भन्न लगाएर<br>-आफ्नो विद्यालय को नाम भन्न लगाएर<br>-आफ्नो वडामा भएको टोल हरुको नाम भन्न सके नसकेको हेरेर | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ऐतिहासिक, तथा पर्यटकीय स्थल | - ऐतिहासिक स्थलहरुको परिचय<br><br>-पर्यटकीय स्थलहरुको परिचय<br><br>-आफ्नो टोलको एतिहासिक स्थलहरुको नाम<br>-आफ्नो टोलको पर्यटकीय स्थलहरुको नाम<br>-छिमेकी टोलको स्थानीय र पर्यटकीय स्थलको नाम | -ऐतिहासिक स्थलको परिचय दिन<br>-पर्यटकीय स्थलको परिचय दिन<br>-आफ्नो टोलको एतिहासिक स्थलहरुको नाम बताउन<br>-आफ्नो टोलको पर्यटकीय स्थलहरुको नाम बताउन<br>- छिमेकी टोलको स्थानीय र पर्यटकीय स्थलको नाम बताउन | -आफ्नो गाउँ, टोलको ऐतिहासिक स्थलहरुको नाम<br>-चौतारा<br>-मठ मन्दिर<br>-धर्मशाला<br><br>-नदी नाला<br>-आफ्न गाउँ टोलको पर्यटकीय स्थल<br>-पोखरी<br>-पार्क | -विद्यार्थीहरुलाई आफ्नो गाउँ ठाउँमा रहेको पुरानो स्थल /ठाउँहरुको बारेमा भन्न लगाउने<br>(चौतारा ,मठमन्दिर ,धर्मशालाहरु )<br>-आफनो गाउँ टोलमा रहेको नदी नाला, वन जंगलको नामहरु भन्न लगाउने<br>-चित्र ,फोटो ,भिडियो देखाई घुमघाम र रमाइलो गर्न सकिने ठाउंहरुको बारेमा बताउने र विद्यार्थीहरुलाई आफ्नो टोलमा भएका यस्ता ठाउहरु भन्न लगाउने | -आफ्नो टोलमा भएका एतिहासिक तथा धार्मिक स्थलहरुको चित्र तथा नामहरु<br>-पर्यटकीय स्थल देखाउने चित्र ,भिडियो<br>-टोल को पर्यटकीय स्थलको नाम भएको मेटाकार्ड ,चित्र ,फोटो | -आफ्नो टोलमा भएको एतिहासिक स्थलहरुको प्रश्न सोधेर<br>-धार्मिक स्थलहरुको नाम भन्न लगाएर<br>-पर्यटकीय स्थलहरुको नाम भन्न सके नसकेको अवलोकन गरेर | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | धर्म,सं<br>स्कृति र<br>संस्कार | -स्थानीय<br>धर्मावलम्बी<br>हरुको<br>परिचय<br><br>-आफ्नो<br>धर्मको<br>नाम<br>-आफ्नो<br>संस्कारहरु<br>को परिचय<br>- हिन्दु र<br>मुस्लिम<br>धर्मावलम्बी<br>हरुले<br>मनाउने<br>चाडपर्वहरु<br>को नाम | -स्थानीय<br>धर्महरुको<br>सूची तयार<br>गर्न<br>-हिन्दु<br>धर्मावलम्बीहरु<br>को सामान्य<br>संस्कार<br>बताउन<br>- मुस्लिम<br>धर्मावलम्बीहरु<br>को सामान्य<br>संस्कार<br>बताउन<br><br>-हिन्दु र<br>मुस्लिम<br>धर्मावलम्बीहरु<br>ले मनाउने<br>चाडपर्वहरुको<br>नाम बताउन<br>-<br>स्थानीयहरुको<br>परम्परागत<br>पहिरनहरुको<br>नाम बताउन | -आफ्नो गाउँ टोलको<br>धर्महरुको नाम<br>-जात<br>-नाता<br>-चाडपर्वको नाम<br>-संस्कारहरु<br>-पहिरनहरु<br>-परिवारको नाता<br>सम्बन्ध | -विद्यार्थीहरुलाई विभिन्न<br>धर्मावलम्बीहरुको धार्मिक स्थल का<br>चित्र ,फोटो देखाई चिनाउने र आफू<br>कुन धर्ममा पर्छ भन्न लगाउने<br>-विद्यार्थीहरुलाई आ-आफ्नो जातिको<br>बारेमा बारेमा भन्नालागाउने र जाति<br>चिनाउन सहजीकरण गर्ने<br>-विभिन्न चाड पर्वको बारेमा जानकारी<br>गराउने र विद्यार्थीहरुले आफुले मान्ने र<br>टोलमा मनाउने चाड पर्वहरुको नाम<br>भन्न लगाउने<br>-स्थानीयहरुले लगाउने पहिरनको<br>फोटो, चित्र ,चार्ट तथा भिडियोहरुलाई<br>देखाएर पहिरनको नाम भन्न लगाउने | विभिन्न<br>धमावालाम्बिहरु तथा<br>तिनका धार्मिक<br>स्थलहरु भयको<br>फोटो ,चित्र ,भिडियो<br>-विभिन्न जति धर्म<br>हरु चिनाउने<br>सलाइड ,चित्र ,भिडि<br>यो हरु<br>-विभिन्न चाड पर्व<br>दर्साउने भिडियोहरु | -आ -आफ्नो<br>जात र<br>धर्म भन्न<br>लगाएर<br>-प्रश्नोत्तर गरि<br>जवाफ<br>दिए नदिएको<br>आधारमा<br>मूल्यांकन गर्ने<br>-स्थानीयले<br>लगाउने<br>पहिरनको<br>अवलोकन गराएर<br>-विभिन्न धर्म र<br>त्यससंग<br>सम्बन्धित<br>धार्मिक<br>स्थलहरुको र<br>चांडपर्वहरुको<br>जोडा मिलाउन<br>लगाउने<br>-गरगहना र<br>तिनीहरुको<br>नामबिच जोडा<br>मिलाउन लगाउने | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | कृषि, जडिबुटी र व्यवसाय | -वर्षभरिमा उत्पादन हुने बालीको नाम<br>-घरमा पालिने जनावरको नाम<br>-जाडो मौसममा उत्पादन हुने बालीको नाम<br>-गर्मी मौसममा उत्पादन हुने बालीको नाम | -वर्षभरिमा उत्पादन हुने बालीको नाम बताउन<br>-घरमा पालिने पशुपंक्षीहरुको नाम बताउन जाडो मौसममा उत्पादन हुने बालीको नाम बताउन<br>-गर्मी मौसममा उत्पादन हुने बालीको नाम बताउन | -आफ्नो गाउँ टोलमा उत्पादन हुने बालीको नाम<br>-मौसम अनुसार बालीको नाम<br>-घरपालुवा पशुपंक्षीहरुको नाम<br>-गाई<br>-भैंसी<br>-बाख्रा<br>-कुखुरा<br><br>- जाडो मौसममा उत्पादन हुने बालीको नाम बताउन<br>-फूलकोबी<br>-मोटर कोसा<br>-बन्दाकोबी<br>-ऊखु<br>-मसुरो दाल<br>-गर्मी मौसममा उत्पादन हुने बालीको नाम बताउन<br>-परबर<br>-रामतोरिया<br>-गहुँ, मकै | -शिक्षकले विभिन्न प्रकारका अन्न ,तरकारी ,फलफूल सङकलन गरि सम्भव नभएमा चित्र, भिडियो ,कक्षाकोठामा प्रस्तुत गरी चिन्न लगाउने<br>-आफ्नो गाउँ , टोलमा उत्पादन हुने बाली तथा फलफूलको नाम बताउन लगाउने<br>-जाडो मौसम तथा गर्मी मौसम मा उत्पादन हुने बाली, तरकारी तथा फलफूल पहिचान गराई आफ्नो टोलको मौसम अनुसारको बालीको नाम भन्न लगाउने<br>-आफ्नो घर तथा टोलमा भएका पशुपंक्षी तथा जनावरहरुको नाम भन्न लगाउने | -विभिन्न अन्न बालीहरुको संकलन ,चित्र ,भिडियो ,चार्ट<br>-मौसम अनुसारको बालीहरुको चित्र ,चार्ट<br>-पशुपंक्षीहरुको फोटो ,भिडियो ,चित्र ,चार्ट | -अन्न बालीको नाम चिन्न सके नसकेको अवलोकन गरेर<br>-मौसम अनुसारको बाली भन्न लगाएर<br>-अन्न वाली, तरकारीको नाम र चित्रहरुबिच जोडा मिलाउन लगाउने | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | वातावरण, प्रकोप र सफाइ | -आफ्नो घर वरपरका विरुवाहरु को नाम<br>-शरीरको सरसफाइ गर्ने तरिका र अभ्यास | -आफ्नो घर वरपरको बोट विरुवाहरुको नाम बताउन<br><br>-घरभित्र राख्न सकिने बिरुवाहरुको नाम बताउन<br>-घर बाहिर हुने विरुवाहरुको नाम बताउन<br><br>-हात,खुट्टा धुने बानीको बिकास गर्न<br><br>-दाँत माझ्ने तरिका बताउन | -घर बाहिर हुने बोट विरुवाहरु को नाम<br>-बर<br>-पिपल<br>-आँप<br>-गुलाब<br><br>-घरभित्र हुने बोटबिरुवाको नामहरू<br>-घ्युकुमारी<br>-तुलसी<br>-मनि प्लान्ट<br>-स साना फूलहरु<br><br>-शरीर सफा राख्ने तरिकाहरु<br>-हात धुने<br>-दांत माझ्ने | -आफ्नो घर आगन  तथा टोलमा भएका रुखाबिरुवाहरुको नाम भन्न लगाउने<br>-घरभित्र राख्न सकिने बोट बिरुवाहरु चिनाई आफ्नो घरभित्र भएका बोट बिरुवाको नाम बताउन लगाउने<br><br>-शिक्षकले शरीर सफा राख्ने  तरिकाहरु बताई नमुना अभ्यास गराउने र यसको फाइदा बताउने | -विभिन्न बोटबिरुवा  ,भएको चित्र ,फोटो र चार्ट<br>-घरभित्र राख्न सकिने बोट बिरुवाको चित्र ,चार्ट<br>-शरीर सफा राख्ने तरिकाहरु भएको चित्र ,भिडियो<br>-शरीर सरसफाइ राख्दा हुने फाइदाको चार्ट | -बोट बिरुवाहरुको नाम चिने नचिनेको अवलोकन गरेर<br>-घरभित्र हुने बोट बिरुवाहरुको नाम भन्न लगाएर<br>-शरीर सर सफासफाइमा ध्यान दिए नदिएको अवलोकन गरेर | २६ |
| ६ | स्थानीय पेसा र प्रविधि | -स्थानीय र परम्परागत पेसाको परिचय | -आफ्नो परिवारक सदस्यहरुले गर्ने पेसाको नाम बताउन | -आफ्नो परिवारका सदस्यहरुले गर्ने काम / पेसाको नाम<br>-आफ्नो छिमेकीको काम/पेसाको नाम | -विद्यार्थीहरुलाई आफ्नो घरपरिवारका सदस्यहरुले गर्ने कामको बारेमा भन्न लगाउने<br>-विभिन्न पेसासंग सम्बन्धित चित्र, भिडियो प्रस्तुत गरी जानकारी गराउने | -घरपरिवारले गर्ने काम देखाउने चित्र ,फोटो ,भिडियो<br>-विभिन्न पेसा चिनाउने | -घरपरिवारको सदस्यहरुको नाम भन्न लगाएर<br>-जोडा मिलाउन लगाएर | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | -आफ्नो छिमेकका मानिसहरुले गर्ने पेसाको नाम बताउन<br>स्थानीय पेसामा प्रयोग हुने औजारहरुको नाम बताउन | -स्थानीय पेसामा प्रयोग हुने औजारहरुको नाम<br>-बाँसबाट बनेका सामानहरुको नाम<br>-हातले धागोबाट बुनेको सामानहरुको नाम | -आफ्नो टोल छिमेकमा मानिसहरुले गर्ने काम/पेसाहरुको बारेमा बताउन लगाउने<br>-शिक्षकले विभिन्न काममा प्रयोग हुने औजारहरुको बारेमा बताउने र विद्यार्थीहरुलाई भन्न लगाउने<br>-बाँसबाट, परालबाट बनेका सामानहरुको नाम भन्न लगाउने<br>-धागोबाट बन्न सक्ने कपडाको बारेमा शिक्षकले सहजीकरण गरिदिने | फोटो ,चित्र ,भिडियो ,स्लाइड ,चार्ट<br>-विभिन्न औजारहरुको नाम भएको चार्ट ,चित्र<br>-बाँस तथा परालबाट बनेका बस्तु तथा सामान देखाउने चित्र ,फोटो ,भिडियो | -बाँस तथा धागोले बनेको बस्तुहरुको नाम भन्न लगाएर<br>-पेसा र तिनले गर्ने कामको आधारमा खाली ठाउँ भर्न लगाउने | |
| जम्मा पाठ्यभार | | | | | | | | १६० |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा -२**

| क्र.स. | विषय क्षेत्र | विषयवस्तु | सिकाई उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्यांकन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो कलैया | -आफ्नो वडाको सामान्य परिचय<br><br>-आफ्नो वडामा रहेको विद्यालयहरु को नाम | -आफ्नो वडाको सामान्य परिचय दिन<br>-आफ्नो वडामा रहेका टोलहरुको विद्यालयहरुको नाम बताउन | -आफू बस्ने वडाको परिचय<br>-आफ्नो वडामा रहेका टोलहरुको नाम<br>-आफ्नो वडाको सिमाना<br>-आफ्नो वडामा रहेका विद्यालयहरुको नाम | -शिक्षकले नगरपालिका र सम्बन्धित वडाको नक्सा प्रस्तुत गरी आफ्नो वडा र टोलहरु चिन्न लगाउने<br>-वडाको सिमाना भन्न लगाउने<br>-विद्यार्थीहरुलाई पालैपालो आफ्नो वडामा भएका विद्यालयहरुको नाम भन्न लगाउने<br>-वडाध्यक्षको तस्बिर देखाई चिनाउने<br>-सम्बन्धित वडाको वडाध्यक्षलाई कक्षामा आमन्त्रण गरी भेट गराउने | -नगरपालिका र वडाको नक्सा<br>- वडाध्यक्ष जस्ता ब्यक्तिहरुको तस्बिर<br>-वडामा भएका विद्यालायहरुको सूची<br>-श्रव्य-दृश्य सामग्रीहरु | -नगरपालिकाको नाम,वडा संख्या.आफ्नो वडाको नाम भन्न लगाउने<br>-विद्यार्थीहरुले सम्बन्धित वडाको नाम,वडामा भएका टोलहरुको नाम ,संख्या भन्न सके नसकेको ,लेख्न सके नसकेको मूल्याकन गर्ने | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ऐतिहासिक, तथा पर्यटकीय स्थल | -ऐतिहासिक तथा पर्यटकीय स्थलको विशेषता तथा महत्व | -ऐतिहासिक स्थलको विशेषता तथा महत्व बताउन<br>-पर्यटकीय स्थलको विशेषता तथा महत्व बताउन | -ऐतिहासिक स्थलहरुको विशेषता<br>-ऐतिहासिक स्थलको महत्व<br>-आफ्नो टोलको ऐतिहासिक स्थल<br>-आफ्नो वडाको पर्यटकीय स्थलको नाम<br>-आफ्नो वडाको पर्यटकीय स्थलको विशेषता<br>- आफ्नो वडाको पर्यटकीय स्थलको महत्व | --ऐतिहासिक स्थलको विशेषता र महत्व झल्कने चार्ट प्रस्तुत गरी विद्यार्थीहरुलाई बताउने<br>- पर्यटकीय स्थलको विशेषता र महत्व चार्ट द्वारा प्रस्तुत गरी विद्यार्थीलाई बताउने | -ऐतिहासिक स्थलको विशेषता र महत्व झल्कने चार्ट<br>- पर्यटकीय स्थलको विशेषता र महत्वको चार्ट | -ऐतिहासिक स्थलको विशेषता र महत्व भन्न लगाएर<br>-प्रश्नोत्तर गरी पर्यटकीय स्थलको बिशेषता र महत्व भन्न लगाएर<br>-कक्षा कार्य र गृहकार्य गरे नगरेको परीक्षण गरेर | २८ |
| ३ | धर्म,संस्कृति र संस्कार | -दुलदुल घोडाको नाच<br>-स्थानीय चाड पर्वको परिचय | -दुलदुल घोडाको नाचको परिचय दिन<br>- दुलदुल घोडाको नाच अभिनय गरेर देखाउन<br>-स्थानीय चाडपर्वको नाम भन्न र | -दुलदुल घोडाको नाचको परिचय<br>- दुलदुल घोडाको नाचको अभिनय<br>-आफ्नो वडाको चांड पर्वहरुको नाम<br>-आफ्नो वडाको मानिसहरुको पहिरन<br>-गरगहनाहरु | - दुलदुल घोडाको नाच झल्कने फोटो, चित्र तथा भिडियो देखाउने र विद्यार्थीहरुलाई अभिनय गर्न लगाउने<br>-विभिन्न चांड, पर्वहरु देखाउने चित्र ,भिडियो ,फोटो प्रस्तुत गरि विद्यार्थीहरुलाई वडामा मनाइने पर्वहरुको नाम भन्न लगाउने<br>-गरगहनाहरुको चित्र ,फोटो देखाई गरगहनाको नाम भन्ने र सोहि अनुसार विद्यार्थीहरुलाई भन्न लगाउने<br>-विद्यार्थीहरुलाई गरगहनाहरुको सूची तयार गर्न लगाउने | - दुलदुल घोडाको नाच झल्कने फोटो, चित्र तथा भिडियो<br>-विभिन्न चांड, पर्वहरु देखाउने<br>चित्र ,भिडियो ,फोटो<br>-गरगहनाहरुको चित्र ,फोटो | - दुलदुल घोडाको बारेमा भन्न लगाएर<br>- दुलदुल घोडाको नाच अवलोकन गरेर<br>-विभिन्न चांड, पर्वहरु नाम भन्न र लेख्न सके नसकेको हेरेर<br>-गरगहनाहरुको सूची बनाउन | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सूची तयार गर्न | | | | लगाएर | |
| ४ | कृषि, जडिबुटी र व्यवसाय | -फलफूल, तरकारी, नगदेबालीको परिचय | -स्थानीय फलफूलको सूची तयार गर्न<br>-स्थानीय स्तरमा उपलब्ध तरकारीको नाम भन्न<br>-नगदेबालीको परिचय दिन | -स्थानीय फलफूलहरुको नाम<br>-स्थानीय तरकारीहरूको नाम<br>-खाधान्न बालीहरुको नाम<br>-नगदे बालीहरुको नाम<br>-स्थानीय बालीहरुको फाइदा | -शिक्षकले विभिन्न प्रकारका अन्न तरकारी फलफूल संकलन गरेर कक्षाकोठामा प्रस्तुत गरी चिन्न लगाउने<br>-आफ्नो स्थानीय ठाउँमा उत्पादन हुने बाली तथा फलफूलको नाम बताउन लगाउने र सूची तयार पार्न लगाउने<br>-चार्ट प्रस्तुत गर्दै नगदे बालीको परिचय दिने र सो अनुसार विद्यार्थीलाई भन्न लगाउने | -विभिन्न अन्न बालीहरुको सङ्कलन ,चित्र ,भिडियो ,चार्ट<br>-मौसम अनुसारको बालीहरुको चित्र ,चार्ट<br>-पशुपंक्षीहरुको फोटो ,भिडियो ,चित्र ,चार्ट | -अन्न बालीको नाम चिन्न सके नसकेको अवलोकन गरेर<br>-मौसम अनुसारको बालीको नाम भन्न लगाएर<br>-आफ्नो स्थानीय ठाउँमा उत्पादन हुने बाली तथा फलफूलको नाम बताउन लगाएर<br>- नगदे बालीको परिचय दिन लगाएर<br>प्रश्नको उत्तर लेख्न लगाएर | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | वातावरण, प्रकोप र सफाइ | -आफ्नो घर वरपरका विरुवाहरुको नाम<br>-व्यक्तिगत सामग्रीहरु को हिफाजत र सरसफाइको परिचय | -आफ्नो घरपरिवारको बोटबिरुवाहरु को नाम लेख्न<br>-व्यक्तिगत सरसफाइको लागि आबश्यक पर्ने सामग्रीहरुको महत्व बताउन<br>-दैनिक गरिने सरसफाईको तरिका भन्न | -घर वरपरको बोट बिरुवाको नाम<br>-व्यक्तिगत सामग्रीहरुको हिफाजत<br>-सरसफाइका सामाग्रीहरुको नाम<br>-सरसफाइको महत्व<br>-सरसफाइको तरिका | -आफ्नो घर आगन तथा टोलमा भएका रुख बिरुवाहरुको नाम भन्न लगाउने<br>-घरभित्र राख्न सकिने बोट बिरुवाहरु चिनाई आफ्नो घरभित्र भएका बोट बिरुवा को नाम बताउन लगाउन<br>-शिक्षकले शरीर सफा राख्ने तरिकाहरु बताई नमुना अभ्यास गराउने तथा यसको फाइदा बताउने<br>-सरसफाइको महत्व झल्कने चार्ट प्रस्तुत गरी विद्यार्थीहरुलाई बताउने र सो को टिपोट गराउने | -विभिन्न बोट ,भएको चित्र ,फोटो र चार्ट<br>-घरभित्र राख्न सकिने बोट बिरुवाको चित्र ,चार्ट<br>-शरीर सफा राख्ने तरिकाहरु भयको चित्र ,भिडियो<br>-शरीर सरसफाइ राख्दा हुने फाइदाको चार्ट<br>-सरसफाइको महत्व झल्काउने चार्ट | -बोट बिरुवाहरुको नाम चिने नचिनेको अवलोकन गरेर<br>-शरीर सरसफासफाइमा ध्यान दिए नदिएको अवलोकन गरेर<br>-शरीर सफा राख्ने तरिकाहरु प्रयोग गरे नगरेको अवलोकन गरेर<br>-छलफल र प्रश्नोत्तर | २६ |
| ६ | संघ संस्था र व्यक्ति परिचय | -वडाको संघसंस्थाहरु को परिचय<br>-वडामा रहेका समाज सेवीहरुको परिचय | -आफ्नो वडामा रहेको संघ संस्थाहरुको नाम बताउन<br>-आफ्नो वडामा रहेको समाजसेवीहरु को नाम | -आफ्नो वडामा रहेको संघ संस्थाको नाम<br>- आफ्नो वडामा रहेको समाजसेवीहरुको नाम<br>-समाजसेवीहरुले गर्ने कामहरु | -शिक्षकले विभिन्न संघसंस्थाहरुको परिचय दिने र विद्यार्थीहरुलाई आफ्नो वडामा रहेको संघ संस्थाहरुको नाम र त्यसले गर्ने कामहरु भन्न लगाउने<br>-समाज सेवीहरुले गर्ने कामको परिचय दिने र आफ्नो वडामा समाज सेवीहरुले गरेको कामहरु भन्न लगाउने | -वडाको विभिन्न संघ संस्थाहरुको परिचय दिने तिनले गर्ने कामहरुको चार्ट<br>-आफ्नो वडामा रहेको समाज सेवीहरुले गर्ने कामको परिचय दिने र समाज सेवीहरुले | -शिक्षकले विभिन्न संघ संस्थाहरुको परिचय दिने र विद्यार्थीहरुलाई आफ्नो वडामा रहेको संघ संस्थाहरुको नाम र त्यसले गर्ने कामहरु भन्न | २७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बताउन | | | गरेको कामहरुको चार्ट | लगाएर<br>-समाज सेवीहरुले गर्ने कामको परिचय दिने र आफ्नो वडामा समाज सेवीहरुले गरेको कामहरु भन्न लगाएर | |
| जम्मा पाठ्यभार | | | | | | | | १६० |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ३**

| क्र.स. | विषय क्षेत्र | सिकाई उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | शिक्षण सामग्री | सम्भावित मूल्यांकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| १. | कलैया परिचय | - कलैया उप-महानगरपालिकाको भौगोलिक अवस्था बताउन<br>- वडाको नक्साको outline कोर्न र विभिन्न ठाउं भर्न | - कलैया उपमहानगरपालिकाको भौगोलीक अवस्था<br>- वडाको नक्सा कार्य | - कलैया उप-महानगरपालिकाको भू-बनोट,क्षेत्र फल,जनसंख्या,घरधुरी संख्या,हावा पानी,जातजाती,भाषाभाषी ,नदीनाला प्रमुख ठाउँहरु)<br>- वडाको नक्सा कार्य | - कलैया उपमहा नगरपालिकाको नक्सा वा चित्र प्रदर्शन गरी यसका भौतिक अवस्था ( भू-बनोट,जनसंख्या,हावापानी, नदीनाला) बारे छलफल गराई बताई दिने<br>- नक्सामा ,प्रमुख ठाउं,सार्वजनिक स्थलहरु संकेत गरी विद्यार्थीहरूलाई शिक्षकले देखाई दिने<br>- कलैयाको क्षेत्रफल,भू-बनोट ,वडागत सिमाना,जनसंख्या,धर्मावलम्बी,प्रमुख जातजातिको बारेमा विद्यार्थीहरुलाई सोध्ने र शिक्षकले आवश्यकता अनुसार सहजीकरण गर्ने | - कलैयाको नक्सा, ppt.,<br>- कलैयाको जनसंख्याको विबरण, धर्म,जातिको सूची,<br>- कलैयाका मुख्य मुख्य ठाउँको फोटो,भिडियो | - कलैयाको नक्सा विद्यार्थीहरुलाई देखाई विभिन्न ठाउँहरु पहिचान गर्न लगाएर<br>- नक्सा हेरी छलफलमा भाग लिए नलिएको अवलोकन गरेर<br>- कलैया वरपरका नदीनाला,मठमन्दिर, सार्वजनिक स्थलको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाएर<br>- कलैयाका मुख्य जातजातिको नाम भन्न लगाएर | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | ऐतिहासिक, तथा पर्यटकीय स्थल | -मटिअर्वा प्रवेश द्वारको परिचय बताउन,<br>-सिद्धेश्वर खेलकुद मैदानको परिचय बताउन<br>-सिद्धेश्वर पोखरीको परिचय बताउन | - मटिअर्वा प्रवेशद्वार को परिचय , निर्माण कर्ता,निर्माण शैली)<br>- सिद्धेश्वर खेलकुद मैदानको परिचय<br>- सिद्धेश्वर पोखरीको परिचय (निर्माण कर्ता,इतिहास,धार्मिक महत्व) | - मटिअर्वा प्रवेश द्वार, सिद्धेश्वर खेल मैदान र सिद्धेश्वर पोखरीको: (अवस्थिति बनोट<br>- विशेषता<br>- निर्माण मिति<br>- निर्माता<br>- फाइदा) | - मटिअर्वा प्रवेश द्वारको अवस्थिति बताउने<br>- प्रवेश द्वारको निर्माण शैली चित्रबाट प्रष्ट पार्ने<br>- विद्यार्थीहरुलाई मटिअर्वा बोर्डरको भ्रमण गराई त्यसको विशेषता लेख्न लगाउने<br>- प्रवेश द्वारको निर्माणले कलैया नगरलाई भएको फाइदा बताई दिने<br>- यो प्रवेश द्वारको चित्र कोरी रंग भर्न लगाउने<br>- सिद्धेश्वर खेलमैदान र पोखरीको स्थलगत अवलोकन गराई तिनीहरुको परिचय र महत्वको बारेमा छलफल गरि लेख्न लगाउने। | - मटिअर्वा प्रवेश द्वारको फोटो<br>- गेटको नमुना (model)<br>- सिद्धेश्वर खेलमैदान र पोखरीको फोटोहरु | - स्थलगत भ्रमण गराई विभिन्न प्रश्नहरु सोध्नेः<br>- निर्माण मिति कहिले को हो ?<br>- कुन बिधि वा शैलीमा निर्माण गरिएको छ ?<br>- यसका निर्माणकर्ता को हुन् ?<br>- यी संरचनाहरु कलैयाको लागि किन महत्वपूर्ण छ ? | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | धर्म,संस्कृति र संस्कार | - कलैयामा प्रचलित भित्ते चित्र कोर्न<br>- धर्म र समुदाय अनुसारको अभिवादन गर्न<br>- स्थानीय लोक जीवनमा रहेका गीत गाउन<br>- स्थानीय लोक बाजाको परिचय दिन | - स्थानीय चित्रकला<br>- धर्म र संस्कार<br>- स्थानीय लोकगीत<br>- लोकबाजा | - स्थानीय मौलिकता झल्किने चित्र,<br>- धर्म अनुसार अभिवादन<br>- स्थानीय गीत(सोहर,भजन,होलि,चैतावर, ,झुमर<br>- स्थानीय बाजा (तासा ,खुर्दुक,ढोलक) | - कलैयाको लोक संस्कृतिमा रहेका भित्ते चित्रको नमुना कोरी बताईदिने<br>- हिन्दु,मुस्लिम,बौद्ध,क्रिश्चियन धर्मअनुसार कसरी अभिवादन गर्ने भनि अभिनय गर्न लगाई सहजीकरण गर्ने<br>- कलैया नगरको गाउँ टोलमा गाइने भिन्न लोक गीत संकलन गर्न लगाई गाउने अभ्यास गराउने<br>- यो पालिकाको स्थानीय लोकबाजाहरु को चित्र देखाई त्यसको बनोट बताउने<br>- लोकबाजा र लोक गीत को महत्व र प्रयोग बताई दिने | - भित्ते चित्रको नमुना,<br>- विभिन्न धर्मावलम्बीको भेषभूषाको फोटो<br>- विभिन्न लोकगीतको अडियो तथा भिडियो क्लिप,स्पिकर<br>- स्थानीय लोकबाजाको चित्र<br>- कलैया क्षेत्रमा लाग्ने मेला,जात्रा,झाँकी को तस्बिर | - यस पालिकामा विभिन्न अवसरमा भित्तामा कोरिने चित्र कोर्न लगाएर<br>- यहाँका चाड पर्वमा गाइने गीतहरु गाउन लगाएर<br>- विभिन्न लोकबाजा को तस्बिर देखाई सो बाजा चिन्न लगाएर<br>- यहाँका स्थानीय मेला ,जात्रा,झाँकीमा के के हुन्छ भन्न लगाएर<br>- हिन्दु,मुस्लिम, बौद्ध र क्रिश्चियन धर्म अनुसार अभिवादन गर्न लगाएर | २८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | कृषि, जडिबुटी र व्यवसाय | - मौसम अनुसार हुने तरकारीको सूची तयार गर्न<br>- स्थानीय जडिबुटीको नाम बताउन<br>- जडिबुटीको मुख्य प्रयोग भन्न<br>- स्थानीय अन्नबाली को नाम भन्न<br>- तरकारी खेतिको फाइदा बताउन | | - यस पालिका क्षेत्रमा उब्जिने तरकारीको नाम र आर्थिक फाइदा<br>- तुलसी,हर्सिन्घार,एलोबेरा को फाइदा<br>- यहाँका प्रमुख अन्नबाली को नाम र उपयोग<br>- अन्न खेति र तरकारी खेतीको फाइदा<br>- बिभिन्न अन्नबाली लगाइने महिना र मौसम | - तुलसी,एलोबेरा,हर्सिन्घार को औषधीय गुण बताई दिने<br>- कलैया क्षेत्रमा उब्जाइने तरकारीको नाम सुची विद्यार्थीबाट तयारी गर्न लगाई सो को फाइदा भन्न लगाउने<br>- स्थानीय अन्न,तरकारी र जडीबुटीको फोटो देखाई त्यसको नाम लेख्न लगाउने | - स्थानीय अन्न तथा मौसम अनुसार पाइने तरकारीको संकलन ,<br>- तुलसीको पात,एलोबेरा को पात, हर्सिन्घारको पात | - कलैया क्षेत्रमा उत्पादन हुने मौसम अनुसारको तरकारीको सूची बनाउन लगाएर<br>- तुलसी ,एलोबेरा रोप्नु पर्ने कारण सोधेर<br>- विभिन्न अन्नहरु देखाई पहिचान गर्न लगाएर<br>- स्थानीय जडिबुटीहरुको नमुना संकलन गरी प्रदर्शन गर्न लगाएर<br>- हाम्रो लागि कृषि किन आवश्यक छ ? भनि प्रश्न सोधेर | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | वातावरण, प्रकोप र सफाइ | - चर्पी तथा धारा र वरपरका वातावरण सफा राख्न<br>- पिउने पानी सुरक्षित राख्न<br>- रोग लाग्नबाट बच्न<br>- विद्यालय, घर, छरछिमेक र टोलका सरसफाइमा सहभागी हुन<br>- आफ्ना वरपरका वातावरण प्रदूषणका कारणहरू पहिचान गर्न<br>- वातावरणीय स्वच्छता प्रति सजग रही प्रदुषण रोक्न सहयोग गर्न<br>- व्यक्तिगत सुरक्षाका | - चर्पी तथा धारा र वरपरका वातावरण सफाइ र पिउने पानी सुरक्षित राख्नर् उपाय<br>- रोग लाग्नबाट बच्ने उपाहरु<br>- विद्यालय, घर, छरछिमेक र टोलका सरसफाइ<br>- आफ्ना वरपरका वातावरण प्रदुषणका कारणह रू को | - चर्पीको प्रयोग र सरसफाई<br>- पिउने पानीको श्रोतको सफाई<br>- रोगबाट बच्ने उपाय<br>- विद्यालय,टोलको सरसफाई<br>- वातावरण प्रदूषणका कारण<br>- वातावरण सरसफाइका उपाय<br>- सडक दुर्घटना हुने कारण<br>- सडक दुर्घटनाबाट बच्ने उपाय<br>- व्यक्तिगत सुरक्षाका | - चर्पीको प्रयोग र सरसफाइ को तौर तरिका बारे बताई दिने<br>- पिउने पानीका श्रोतहरु के-के हुन् भनि पहिचान गर्न लगाउने<br>- पानीका मूलः कल,इनार,धारा,पँधेरो लाई कसरी प्रयोग गर्ने बारे बताई दिने<br>- वातावरणको परिचय दिएर यसमा पर्ने तत्वहरु बताई दिने<br>- वातावारण प्रदूषणका कारण बारे विद्यार्थीको समूह बिभाजन गरि छलफल गर्न लगाउने<br>- सडक दुर्घटनाबाट आफू कसरी सुरक्षित रहन सकिन्छ भनी त्यसका उपायहरु बताई दिने (अभिनय गरेर)<br>- विद्यार्थीलाई विद्यालयको सरसफाइ गर्न सिकाउने र गर्न लगाउने<br>- Dustbin को प्रयोग गर्न | - चर्पीको सुरक्षित प्रयोग बारेको पोस्टर,वातावारण मा पर्ने विभिन्न तत्वको फोटो,slide,animation, video, ट्राफिक संकेत,<br>- पानीका मूलका फोटोहरु | - घरमा चर्पी छ कि छैन भनि प्रश्न सोधेर<br>- चर्पीको सफाई गर्ने तरिका भन्न लगाएर<br>- पिउने पानीका श्रोतहरु के-के हुन् भनि सूची तयार गर्न लगाएर<br>- वातावरणलाई जोगाउने उपायहरु लेख्न लगाएर<br>- ट्राफिक चिन्हहरु चिन्ह लगाएर<br>- रोडमा हिडदा के-कस्ता सावधानी अपनाउनु पर्छ भनि प्रश्न गरेर<br>- स्कुलको प्राङ्गण तथा कक्षाकोठा सफा गर्न लगाएर<br>- कार्टुनको dustbin बनाउन लगाई कक्षाकोठामा प्रयोग गर्न लगाएर | २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | उपायहरू अपनाउन | पहिचान<br>- वातावरणीय स्वच्छता प्रदूषण रोक्ने उपायहरु<br>- व्यक्तिगत सुरक्षाका उपायहरू | उपाय<br>- स्वस्थ्यकर बानी व्यवहार | सिकाउने<br>- आफ्नो कक्षाकोठा र सुत्ने कोठा को सरसफाइ गर्न सिकाउने र गर्न लगाउने | | | |
| ६ | स्थानीय पेसा र प्रविधि | -कलैया उपमहानगर पालिकामा बसोबास गर्ने मानिसको प्रमुख पेशा बताउन<br>- लोहसारीको परिचय र प्रयोग | -कलैया उपमहानगर पालिकामा बसोबास गर्ने मानिसको प्रमुख पेशा<br>- लोहसारीको परिचय र प्रयोग | - स्थानीय पेशाको नाम र काम<br>- पालिकाको बासिन्दाको प्रमुख पेशा<br>- लोहसारीको परिचय<br>- लोहसारीको प्रयोग | - कलैया उपमहानगरमा बसोबास गर्ने मनिसरुको प्रमुख पेशा र कामहरु बारेमा बताउने<br>- लोहसारीको बारेमा बुझ्न विद्यार्थीहरुलाई स्थलगत अवलोकन गराउने र छलफल गर्ने | - स्थानीय प्रविधिबाट बन्ने विभिन्न औजारहरुको फोटो<br>- लोहसारीको उत्पादनको चित्रहरु | - कलैयामा बसोबास गरेका मानिसहरुको पेशाको छोटो परिचय भन्न लगाएर<br>- लोह्सरी देखाई यसमा बन्ने औजारको नाम सूची तयार गर्न लगाएर<br>- लोहसारीको प्रयोग भन्न लगाएर | २७ |

## ४. शिक्षण सिकाइ योजना निर्माण

कलैया उपमहानगरपालिकाको आधारभूत कक्षा १-३ को स्थानीय विषयको पाठ्यक्रममा ६ ओटा विषय क्षेत्र समेटिएका छन् । प्रत्येक क्षेत्रको विषयस्तु फरक फरक प्रकृतिको भएको हुनाले शिक्षण सिकाइ योजना निर्माण गर्दा उक्त कुरालाई ध्यान दिनु पर्दछ । कक्षा १-३ पाठ्यक्रम एकिकृत ढाँचामा निर्माण गरिएको छ । उक्त पाठ्यक्रममा समावेस भएका विषयहरु बहुविषयक र अन्तरविषय ढाँचामा प्रस्तुत गरिएको छ । स्थानिय विषय **हाम्रो कलैया** विषय ढाँचामा निर्माण गरिएको भए र विद्यार्थी मूल्याङ्कन एकिकृत पाठ्यक्रमले अबलम्बन गरेको मूल्याङ्कन पद्धतिको ढाँचामा प्रस्तुत गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेका लक्षित सिकाइ उपलब्धिहरु हासिल गराउन सक्ने बनाउनु शिक्षकको प्रमुख दायित्व हो । सिकाइको योजना निर्माण गर्दा निम्नलिखित पक्षहरूलाई समेत ध्यान दिनुपर्छ :

क. सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषयक्षेत्रको वरिपरि आआफ्नो विषय क्षेत्रगत अवधारणा तथा सिपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ ।

ख. सबै विद्यार्थीहरुलाई अधिकतम् सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्ने खालका शिक्षण विधि, प्रक्रिया तथा क्रियाकलापहरू छनोट गर्नु पर्दछ ।

ग. सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान, अनुशासन, सहकार्य, सहानुभूति जस्ता सिपहरुको प्राप्तिलाई सहयोग गर्नुपर्छ ।

घ. विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्थासमेतलाई विचार गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ ।

ङ. विद्यार्थीहरुको सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरुले न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ ।

च. यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि टिममा छलफल गरी अन्तरविषयक र बहुविषयक शिक्षण योजना तयार गर्नुपर्छ ।

छ. कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ ।कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुन सक्ने प्रबन्ध गर्नुपर्छ ।

## ५. सिकाइ सहजिकरण बिधि र प्रक्रिया

(क) सिकाइ सहजिकरण प्रक्रियाका रणनीति

कक्षा १-३ सम्मको सिकाइ सहजिकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :

१. विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारु अनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्धता र बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ ।

२. विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । शिक्षण सिकाइ क्रियाकलाप गराउदा खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन गर्नु पर्नेछ ।

३. सिकाइ सहजिकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

४. विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजिकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

५. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

६. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्ने छ ।

७. भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सञ्चालन गर्नु पर्नेछ ।

८. बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजिकरण विधिको प्रयोग परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि प्रयोग गरी सिकाइ सहजिकरण गर्नुपर्ने छ ।

९. शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजिकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्यांकनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ।

(ख) सिकाइ सहजिकरण विधि र प्रक्रिया छनोटका आधारहरु

स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्दा तपशील बमोजिमका विधि र प्रक्रिया अपनाउनु पर्छः

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू पाठ्यक्रममा :उल्लेखित सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. विषयवस्तुको स्वरूप विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति :, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बाल मनोविज्ञान सिकारुको इच्छा :, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ ।
४. स्रोत साधनहरूको उपलब्धता शिक्षण विधि तथा रणनीति आर्थिक :,मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।
५. शिक्षकको योग्यता, क्षमता र रुचि  शिक्षकको :आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षण प्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्ने भएकाले उक्त पक्षहरुलाई ध्यान दिनु पर्छ ।
६. स्थानीय विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।
७. स्थानीय पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु शिक्षण गर्नका स्थानीय स्रोतसाधान र स्थानीय व्यक्तिहरुलाई विज्ञको रुपमा अधिकतम प्रयोग गर्नुपर्दछ ।

(ग) शिक्षण सिकाइ सहजिकरण विधिहरु

स्थानीय पाठ्यक्रमको शिक्षण गर्दा शिक्षकले कक्षा १-३ को एकिकृत पाठ्यक्रमले समेत सिफारिस गरेका तपशीलमा उल्लेख भए बमोजिमका वा यस्तै प्रकारका विद्यार्थी केन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. कथा कथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
२. आगमन विधि : यसमा सूचनाहरूको सङकलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।
३. भूमिका निर्वाह-अभिनय : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।
४. निर्माणात्मक कक्षा : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर लगायत अपनाउनु पर्छ ।
५. सहयोगात्मक कक्षा : यस विधिमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।
६. परियोजना कार्य : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैंले खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. छलफल र प्रश्नोत्तर : यस विधिमा शिक्षक विद्यार्थी,विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया (APPLE Technique) प्रयोग गर्न सकिन्छ ।

८. अन्वेषण, अनुसन्धान तथा खोज : यस विधिमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूले खोजबिन गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. सिर्जनात्मक कार्य : यस विधिमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरू गर्न लगाउन सकिन्छ ।

११. समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. प्रयोगात्मक विधि : यसमा विधिमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. भ्रमण विधि : यस विधिमा विद्यार्थीहरुलाई विभिन्न स्थानहरुको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. प्रदर्शन विधि : यस विधिमा विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

१६. स्वाध्ययन तथा छलफल : यस विधिमा विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकता अनुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।

१७. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वर वाचन तथा द्रुतपठन पनि यस अन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याब्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## ६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(क) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा गर्दा उक्त सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्छ । कक्षा १-३ मा विद्यार्थीहरुलाई गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य समावेश गर्नु उपयुक्त हुन्छ । कक्षा १-३ मा स्थानिय विषयको विद्यार्थी मूल्याङ्कनको प्रक्रिया निम्नअनुसार गर्नु पर्नेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम् सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको यकिन गरी परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । आवश्यकता अनुसार विद्यार्थीहरुका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
७. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ ।
८. मूल्यांकन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकता अनुसार प्रयोग गर्नुपर्छ ।
९. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता र उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

**(ख) मूल्याङ्कनका तरिका र साधन**

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ।विद्यार्थी मूल्याङ्कन गर्नका लागि कक्षा सहभागिता , लिखित वा मौखिक कार्य , छोटा परिक्षा , अवलोकन , विद्यार्थीका कार्यको प्रदर्शन , अभिभावकको प्रतिक्रिया ,परियोजना कार्य , घटनावृत्त अभिलेख ,स्व र सहपाठी मूल्याङ्कन लगायतका साधनहरुको प्रयोग गर्नु पर्दछ । यसको थप विस्तृतीकरण

विषयक्षेत्रगत रूपमा अनुसूची -१ समावेश गरिएको छ । शिक्षकले आवश्यकता अनुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्यांकन गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कनका सम्भाव्य साधनहरु तालिका ४ मा दिएको छ।

**तालिका ४ : विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका र साधन**

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री |
| ३ | लिखीत कार्य | प्रश्न, छोटो परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य संपादन तथा प्रदर्शन | अवलोकन, रुजु सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावक प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी तथा छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम |

**(ग) विद्यार्थी उपलब्धि स्तर र व्याख्या**

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरु मापन गर्नका लागि तपशील बमोजिमका दुई ओटा आधार मध्ये विद्यालयले कुनै एक आधारमामा विद्यार्थीहरुको सिकाइ उपलब्धि मापन गरी अभिलेखीकरण गर्न सक्ने छ ।

(अ) पाठ्यक्रमले निर्धारण गरेका प्रत्येक सिकाइ उपलब्धिको मापन गर्नका लागि प्रत्येक सिकाइ उपलब्धिका लागि ४ वटा उपलब्धि सूचक निर्धारण गरिएको छ । हरेक सिकाइ उपलब्धि सूचक विद्यार्थीले हासिल एक (१) अङक दिने र हासिल गर्न नसकेमा शुन्य (०) अङक दिएर उपलब्धि प्रतिशत निकालेर सोका आधारमा अक्षराङ्कन पद्धतिमा विद्यार्थीहरुको सिकाइ स्तर निर्धारण गर्नु पर्नेछ । उपलब्धिमा शून्य (०) अङक हासिल गर्ने विद्यार्थीहरुलाई थप सिकाइ सहायता पछि पुनः मूल्याङ्कन गरी सिकाइ उपलब्धिहरुको अभिलेखीकरण गर्नु पर्दछ ।

(आ) हरेक सिकाइ उपलब्धिलाई ४ भागमा विभाजन गरेर तलको ढाँचामा समेत विद्यार्थी मूल्याङ्कन गर्न सकिनेछ ।

**तालिका ५ : विद्यार्थीको सिकाइ उपलब्धि स्तर र त्यसको ब्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको ब्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको । |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुर्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुर्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

(घ) मूल्यङ्कनका साधनको प्रयोग र अभिलेखीकरण गर्ने तरिका

विद्यार्थीहरुले हासिल गरेको सिकाइ उपलब्धिहरुलाई विषय क्षेत्रगत रुपमा तलको सूत्र प्रयोग गरी उपलब्धि प्रतिशत निकाल्नु पर्दछ ।

$$\text{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको} \times १००}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}}$$

तालिका ६ : उपलब्धि प्रतिशतलाई अक्षराङ्कन पद्धतिमा मिलान गर्ने ढाँचा

| उतीर्ण प्रतिशत | ग्रेड पोइन्ट | उपलब्धि स्तर | उपलब्धि स्तरको ब्याख्या |
|---|---|---|---|
| ९० वा सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| ८० - ९० भन्दा तल | ३.६ | A | अत्युत्तम (Excellent) |
| ७० - ८० भन्दा तल | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ६० - ७० भन्दा तल | २.८ | B | उत्तम (Good) |
| ५०- ६० भन्दा तल | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ४० - ५० भन्दा तल | २.० | C | ग्राह्य (Acceptable) |
| ३५ - ४० भन्दा तल | १.६ | D | आधारभूत (Basic) |
| ३५ भन्दा तल | - | NG | अवर्गीकृत (Non graded) |

स्थानीय विषयको विद्यार्थी सिकाइ उपलब्धि अभिलेख अनुसूची -१ बमोजिम हुनेछ । विद्यार्थी सिकाइ उपलब्धिको अभिलेखीकरण थप जानकारीका लागि लेटर ग्रेडिङ पद्धतिको कार्यान्वयनका लागि सहयोग पुस्तिका, २०७९ मा भएको ब्यवस्था अनुसार गर्नु पर्नेछ । विद्यार्थीको समग्र विषयको प्रगतिको प्रतिवेदन अनुसूचि - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

### ७. शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट

आधारभूत तह (कक्षा १-३) को यो स्थानिय विषयको यो पाठ्यक्रमको कार्यान्वयन गर्ने सिलसिलामा पाठ्यक्रम र उक्त पाठ्यक्रमको आधारमा निर्माण गरिएका पाठ्यसामग्री र पठनपाठनका लागि माध्यम भाषाको प्रयोग गर्दा पठन पाठनको माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुनेछ । तर बहुमातृभाषी विद्यार्थीहरू समावेश भएका कक्षामा पाठ्यसामग्रीको शिक्षण गर्दा बहुभाषी शिक्षक उपलब्ध भएसम्म कक्षाकोठाको शिक्षण सिकाइमा बहुभाषा प्रयोग गर्नु उपयुक्त हुनेछ ।

## खण्ड ३ :कक्षा ४- ८ को स्थानीय पाठ्यक्रम

### १. तहगत सक्षमता

आधारभूत तह (कक्षा ४-८) सम्मको हाम्रो कलैया विषयको अध्ययन पश्चात् विद्यार्थीहरुले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

१. आफू बसेको वडा र कलैया उपमहानगरपालिकाको भौगोलिक अवस्था,सामाजिक तथा सांस्कृतिक अवस्थाको चिनारी।

२. धार्मिक स्थल तथा पर्यटकीय स्थलको परिचय महत्व र संरक्षणका उपायहरुको पहिचान ।

३. प्रशिद्ध धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको जानकारी, संरक्षण र प्रवर्द्धन ।

४. विभिन्न जातजातिले अपनाउने रीतिरिवाज, संस्कार, संस्कृतिको पहिचान र अनुसरण ।

५. स्थानीय र परम्परागत पेशा, व्यवसाय र उद्यमशिलताको प्रवर्तनात्मक उपयोग।

६. प्रकोप र वातावरण संरक्षणप्रति सजग र हरित विद्यालय अवधारणाको अवलम्बन ।

७. स्थानीय परंपरागत प्रविधिको जानकारी, संरक्षण र प्रवर्द्धन ।

८. स्थानीय भाषा र लिपिको पहिचान र अभ्यास र प्रवर्धन ।

### २. विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा

तालिका ३ : विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कार्यघण्टा | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | कलैया परिचय | १२ | १२ | १२ | १२ | १२ |
| २ | ऐतिहासिक तथा पर्यटकीय स्थल | १४ | १४ | १४ | १४ | १४ |
| ३ | धर्म,संस्कृति तथा संस्कार | २० | २० | २० | २० | २० |
| ४ | कृषि,जडिबुटी र व्यवसाय | २० | २० | १८ | १८ | १८ |
| ५ | वातावरण,प्रकोप र सरसफाइ | २० | २० | १८ | १८ | १८ |
| ६ | संघ,संस्था र व्यक्ति परिचय | १६ | १६ | १६ | १६ | १६ |
| ७ | स्थानीय पेशा र प्रविधि | १६ | १६ | १८ | १८ | १८ |
| ८ | स्थानीय भाषा र लिपि | १० | १० | १२ | १२ | १२ |
| | जम्मा | १२८ | १२८ | १२८ | १२८ | १२८ |

## ३. कक्षा ४-५ को सिकाइ उपलब्धि

| क स | विषय क्षेत्र | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १. | हाम्रो कलैया | -कलैया उप-महानगरपालिकामा बसोबास गर्ने जातिको जनसंख्या सहितको सूची तयार गर्न<br>-कलैया उप-महानगरपालिकामा बसोबास गर्ने जातिको छोटो परिचय दिन<br>-कलैया उप-महानगरपालिकाको शैक्षिक संस्थाको परिचय दिन | -वडा कार्यालयबाट प्रदान गर्ने सेवा को सूची तयार गर्न<br>-कलैयाको स्थानीय श्रोतहरु पहिचान गरी महत्व बताउन |
| २. | ऐतिहासिक,तथा पर्यटकीय स्थल | -स्थानीय पार्क,पोखरीहरुको नाम र रहेको स्थान बताउन<br>-नदी,हाटबजार,मेलाको परिचय दिन<br>-अतिथि सत्कारका तौर तरिका बताउन र व्यवहार प्रदर्शन गर्न | - मुक्तेश्वर नाथ मन्दिरको परिचय बताउन<br>-सिद्धेश्वर खेलकुद मैदान महत्व भन्न |
| ३. | धर्म,संस्कृति र संस्कार | -समाचकेवा को परिचय र विशेषता बताउन<br>-इदको पर्वको परिचय र विशेषता बताउन | -छठ पर्व मनाउने तरिका बताउन<br>-होली (फगुवा) पर्वको परिचय र महत्व भन्न |
| ४. | कृषि, जडिबुटी र व्यवसाय | -स्थानीय स्तरमा उत्पादन हुने बालीहरुको (धान, मकै, गहुँ, केराउ,मसुरो) उत्पादन विधि बताउन<br>-स्थानीय स्तरमा उत्पादन हुने बालीहरुको (धान, मकै, गहुँ, केराउ,मसुरो) सुरक्षाको तरिका भन्न | -रैथाने र लोपोन्मुख बाली (आलस, चना, रहर, रामदाना, गाँजा, मडुवा) को सामान्य परिचय दिन<br>-बेमौसमी तरकारी खेती नाम र उत्पादन विधि बताउन |
| ५ | वातावरण, प्रकोप र सफाई | -बोट बिरुवाहरुको फाइदाको सूची तयार पार्न<br>-घर भित्र रोप्न मिल्ने बिरुवाहरुको सूची तयार पार्न<br>-कक्षाकोठा सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन | -घर र विद्यालयबाट निस्कने फोहोरहरुको वर्गीकरण गर्न<br>-कुहिने र नकुहिने फोहोरहरुको सूची तयार पार्न<br>-शुद्ध पिउने पानीको परीचय दिन |

| | | | |
|---|---|---|---|
| | | -वृक्षारोपण गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन<br>-वृक्षारोपण गरेपश्चात् हेरचाह गर्दा ध्यान दिनुपर्ने कुराहरु बताउन<br>-प्राकृतिक र कृत्रिम गुण भएको खानाको परिचय र महत्व बताउन | -पानी पिउने मात्रा र तरिका बताउन |
| ६ | संघसंस्था र व्यक्ति परिचय | -सामाजिक संघसंस्थाको परिभाषा बताउन<br>-नेपाल रेड क्रस सोसाइटीको कार्यहरु बताउन<br>-जनजागरण युवा क्लबको कार्यहरु बताउन | -सामाजिक संघसंस्थाको महत्व र कार्य बताउन<br>-नेपाल स्काउटको परिचय,महत्व र कार्य बताउन<br>-जनहित पुस्तकालयको परिचय, महत्व र कार्य बताउन |
| ७ | स्थानीय पेसा र प्रविधि | परम्परागत पेसाको महत्व बताउन-<br>-स्थानीय प्रविधीको महत्व बताउन | बाँसबाट बन्ने विभिन्न सामग्रीहरुको सूची तयार -पार्न<br>-बाँसबाट बन्ने विभिन्न सामग्रीहरुको बन्ने तरिका बताउन |
| ८ | स्थानीय भाषा र लिपि | | संस्कृत भाषाको परिचय दिन-<br>-संस्कृत भाषाको महत्व बताउन |

## ४. कक्षा ४-५ को विषयवस्तुको क्षेत्र क्रम र तिनको विस्तृतीकरण

### कक्षा -४

| क्र.स. | बिषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | कलैया परिचय | - कलैया उप महानगरको भौगोलिक अवस्थिति,जनसंख्या,क्षेत्रफल,मौसम<br>- पालिकाको साँध सिमाना<br>- पालिका भित्रको प्रमुख जातजातिको परिचय<br>- कलैयाको भौतिक पूर्वाधारको परिचय | - शिक्षकले कलैया उपमहानगरपालिकाको अवस्थिति नक्सामा देखाई कलैयाको क्षेत्रफल,जनसंख्या,र जलवायुको स्थिति बारे कक्षाकोठामा छलफल गराई बताइदिने<br>- बारा जिल्लाको नक्सा देखाई कलैया उपमहानगरपालिकाको पूर्व,पश्चिम ,उत्तर, दक्षिण कुन पालिका हो भन्नि संकेत गर्न लगाउने<br>- कलैयामा बसोबास गर्ने प्रमुख जातजातिको बारेमा छलफल गरी विद्यार्थीहरुबाट तिनको सूची तयार गर्न लगाउने<br>- कलैया भित्र रहेका भौतिक पूर्वाधार (सडक,शैक्षिक संस्था,वितीय संस्था,पार्क,आदिको सूची बनाउन | - मधेश प्रदेशको नक्सामा कलैया उपमहानगरपालिकापहिचान गर्न लगाएर<br>- बारा जिल्लाको नक्सा देखाई त्यसमा कलैया वरिपरी रहेका पालिकाहरु संकेत गर्न लगाएर<br>- कलैया उपमहानगरपालिकाको चार किल्लाहरु के-के हुन् ? भन्ने प्रश्न सोधेर<br>- पालिकामा बसोबास गर्ने प्रमुख जातजातिको नाम भन्न लगाएर<br>- कलैयाका भौतिक पूर्वाधारहरु के-के हुन् ? भन्ने त्यसको सूची तयार गर्न लगाएर | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लगाउने र सो कार्यमा विद्यार्थीलाई सहजीकरण गर्ने | | |
| २. | ऐतिहासिक तथा पर्यटकीय स्थल | - रामजानकी पोखरीको परिचय र महत्व र संरक्षणका उपायहरु<br>- सिद्धेश्वर पोखरीको परिचय ,धार्मिक महत्व र संरक्षण र प्रवर्धन गर्ने उपाय<br>- अतिथि सत्कार<br>- वडामा रहेको पर्यटकीय तथा ऐतिहासिक सम्पदाको पहिचान, वर्तमान अवस्था | - रामजानकी पोखरीको स्थलगत भ्रमण गराई विद्यार्थीहरु समूह विभाजन गराई यहाँका स्थानीय बासिन्दाबाट सोधपुछ गरी यसको निर्माण समय,निर्माणकर्ता बारे लेख्न लगाउने<br>- शिक्षकले पनि रामजानकी पोखरीको ऐतिहासिक तथ्यहरु छलफल गराई प्रस्ट पारिदिने<br>- कक्षाकोठामा समूह विभाजन गरी छलफल गराई रामजानकी पोखरीको महत्व, बर्तमान अवस्था र संरक्षण गर्ने उपायहरु टिपोट गर्न लगाउने विद्यार्थी प्रस्तुतीकरणमा केही छुट भएको भए शिक्षकले सहजीकरण गरिदिने<br>- सिद्धेश्वर पोखरीको स्थलगत भ्रमण गराई विद्यार्थीहरु समूह विभाजन गरी यहाँका स्थानीय बासिन्दाबाट सोधपुछ | - शिक्षकले निम्न प्रश्नको सोधेर वा लेख्न लगाएर मूल्यांकन गर्ने<br>- रामजानकी पोखरीको छोटो परिचय दिनुहोस्<br>- रामजानकी पोखरीलाई पर्यटकीय हिसाबले विकास गर्न के-के गर्नु पर्ला ?<br>- सिद्धेश्वर पोखरी महत्व तथा यसको संरक्षणका उपायहरु लेख्नुहोस<br>- सिद्धेश्वर पोखरी अवलोकन गरी यसको बारेमा २० वाक्य लेख्नुहोस<br>- पाहुनालाई गरिने अभिवादन,सभ्य बोलि व्यवहार प्रदर्शन गराई अवलोकन गरेर | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी यसको निर्माण समय,निर्माणकर्ताबारे लेख्न लगाउने<br>- शिक्षकले सिद्धेश्वर पोखरीको ऐतिहासिक तथ्यहरु छलफल गराई प्रस्ट पारिदिने<br>- सिद्धेश्वर पोखरीको महत्व, बर्तमान अवस्था र संरक्षण गर्ने उपायहरु टिपोट गर्न लगाउने विद्यार्थी प्रस्तुतीकरणमा केहि छुट भएको भए शिक्षकले सहजीकरण गरिदिने<br>- पाहुनालाई कसरी अभिवादन,बिदाई,स्वागत ,सत्कार गर्ने व्यवहारहरु कक्षाकोठामा विद्यार्थीबाट अभिनय गर्न लगाई सिकाउने<br>- विद्यार्थीको आफ्नो गाउँ वा टोलमा रहेको ऐतिहासिक स्थलको पहिचान गरी त्यसको बर्तमान अवस्थाबारे लेखेर ल्याउने परियोजना कार्य दिने | - आफ्नो वडा वा टोलमा रहेका धार्मिक तथा पर्यटकीय स्थलको सूची तयार गर्न लगाएर | |
| ३. | धर्म,संस्कृति र संस्कार | - जन्म तथा मृत्यु संस्कार<br>- स्थानीय चाडपर्व (सामाचकेवा<br>- रमजान,जितिया,मोहरम,माघी,छठ) को | - विद्यार्थीहरुलाई आफ्नो धर्म र सम्प्रदाय अनुसार  जन्म तथा मृत्यु पश्चात गरिने संस्कारको बारेमा छलफल गराई | - हिन्दुहरुमा जन्म तथा मृत्यु हुदा के-कस्ता संस्कारहरु गरिन्छ ? जस्ता प्रश्न गरेर | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय र महत्व<br><br>- नगर भित्रका धार्मिक तथा सांस्कृतिक स्थलहरु | video वा photo परिचय तथा महत्व बताई दिने<br>- विद्यार्थीलाई समूह विभाजन गरी प्रत्येक समूहलाई एउटा एउटा पर्वमा गरिने क्रियाकलापको बारेमा भन्न लगाउने<br>- सामाचकेवा,रमजान,जितिया,मोहरम,माघी र छठ पर्वको बारेमा फोटो, भिडियो वा डकुमेन्टरी देखाएर प्रस्ट पारिदिने<br>- नगर भित्रको धार्मिक तथा सांस्कृतिक स्थलहरुको चित्र,पोस्टर ,भिडियो देखाई छलफल गराई परिचय बताईदिने | - सामाचकेवा मनाउने कारणहरु लेख्न लगाएर<br>- मुस्लिमहरुमा जन्म तथा मृत्यु हुदा के-कस्ता संस्कारहरु गरिन्छ ? जस्ता प्रश्न गरेर<br>- स्थानीय चाडपर्वको नाम र त्यसमा गरिने २-२ वटा क्रियाकालाप वा व्यवहारको तालिका बनाउन लगाएर<br>- नगरभित्र रहेका धार्मिक स्थलको सूची तयार गर्न लगाई उक्त स्थलहरु के का लागि प्रसिद्ध छ ? भने प्रश्न सोधेर | |
| ४. | कृषि,जडिबुटी र व्यवसाय | - स्थानीय अन्नबाली (धान,गहुँ,मकै) तथा नगदेबाली(तेलहन,उखुं) को परिचय र उपयोग<br>- स्थानीय जडिबुटी ( गुर्जो,अमला,हरसिन्घार) को परिचय तथा प्रयोग | - धानबालीको परिचय दिई यो बाली लगाउने मौसम, माटो,सिँचाई विधि आदिको बारेमा विद्यार्थीसंग छलफल गर्ने,<br>- गहुँबालीको परिचय दिई यो बाली लगाउने मौसम, माटो,सिँचाई विधि आदिको बारेमा विद्यार्थी संग छलफल | - शिक्षकले विद्यार्थीको समूह बिभाजन गरी पहिलो समूहलाई धानबाली,दोश्रो समूहलाई मकैबाली र तेश्रो समूहलाई गहुँबालीको बारेमा पालैपालो सामान्य परिचय प्रस्तुत गर्न लगाउने | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरी लेख्न लगाउने,<br>- मकैबालीको परिचय दिई यो बाली लगाउने मौसम, माटो,सिचाई विधि आदिको बारेमा छलफल गरी यसको आर्थिक महत्व बताई दिने<br>- विद्यार्थीका समूहहरु बनाई गुर्जो,अमला,हरसिन्घारका नमुनाहरु सङकलन गर्न र तिनको उपयोगिता खोजी गर्न लगाउने,<br>- स्थानीय स्तरमा उपलब्ध जडिबुटी सम्बन्धी जानकार व्यक्ति (वैद्य) को सहयोग लिई उपयोगिता सम्बन्धी जानकारी लिन प्रेरित गर्ने,<br>- उक्त जडिबुटीहरुको उपयोगिता बारे थप सहजीकरण गरी औषधिको रुपमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्ने<br>- गुर्जो,अमला,हरसिन्घार प्रदर्शन गरी यसको उपयोगिता प्रकाश पार्ने, साथै यसको उत्पादन र औषधिको रुपमा प्रयोग विधि सहजीकरण गर्ने | - मकै के-के कामको लागि प्रयोग गरिन्छ ?<br>- गुर्जो,अमला,हरसिन्घार कुन कुन रोगको लागि लाभदायक हुन्छ ?<br>- विद्यार्थीका समूह बनाई गुर्जो,अमला,हरसिन्घारका नमुनाहरु सङकलन गर्न लगाई तिनका उपयोगिता लेख्न लगाउने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वातावरण प्रकोप र सरसफाइ | - विभिन्न बोट बिरुवाको नाम र पहिचान<br>- कक्षा कोठाको सरसफाइ<br>- वृक्षरोपण<br>- आगलागीबाट बच्ने उपाय<br>- शीतलहरको परिचय र यसबाट बच्ने उपाय | - हाम्रा वरपर रहेका बिभिन्न  बोट बिरुवाको नाम सूची तयार गर्न लगाउने र विद्यार्थीले चिन्न न सकेका बोट बिरुवाको नाम बताई दिने<br>- घर भित्र राख्न सकिने बोट बिरुवाको फाइदाको बारेमा छलफल गरी नाम नोट गर्न लगाउने<br>- व्यक्तिगत सरसफाइ गर्दा के कस्ता कुरामा  ध्यान दिनु पर्छ भन्ने बारे विद्यार्थी संग पालैपालो सोध्ने<br>- वृक्षारोपणको फाइदा बताई खाली ठाउँमा वृक्षरोपण गर्न लगाउने<br>- विद्यार्थीलाई रुख रोप्न वा बोटबिरुवा लगाउन प्रोत्साहित गर्न Green school कार्यक्रममा आफू पनि सहभागी हुने<br>- कक्षा कोठा तथा खेलमैदानको सामूहिक सरसफाइमा भाग लिन प्रोत्साहित गर्ने<br>- आगलागीको फोटो देखाई | - आफ्नो वरपर रहेको बोट बिरुवाको पहिचान गरी तिनको नामावली तयार गर्न लगाएर<br>- घरभित्र कुन कुन बिरुवालाई राख्न सकिन्छ ? यो बोट बिरुवा खोजी गरी नमुना प्रदर्शन गर्न लगाएर<br>- घर भित्र बोट बिरुवा राख्दा के-के फाइदा हुन्छ ?<br>- आफ्नो कक्षाकोठा आफै किन सफा गर्नु पर्छ ? यसको फाइदाहरु लेख्न लगाएर<br>- विद्यालय बगैचा कार्यक्रममा विद्यार्थीलाई सहभागी गराएर<br>- आगलागी बाट बच्न के-कस्ता सावधानीहरु अपनाउनु पर्छ ?<br>- शीतलहर के हो ? यो कुन महिनामा आउछ ? यसले के | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आगलागीबाट बच्ने उपायहरु बताई यसको ड्रिल गराउने<br>- शीतलहरको बारेमा छलफल गराई यसबाट बच्न के कस्ता सावधानी अपनाउन सकिन्छ ,भन्ने बारे लेख्न लगाउने | कस्तो असर पार्छ ? जस्ता प्रश्नहरु गरेर | |
| ६ | संघसंस्था र व्यक्ति परिचय | - सामाजिक संघ संस्थाको परिचय<br>- नेपाल रेडक्रस सोसाइटीको परिचय<br>- नेपाल रेडक्रस सोसाइटी को कामहरु<br>- कलैया उप-महानगरपालिका भित्र सामाजिक,आर्थिक,शैक्षिक विकासमा क्रियाशील संघ संस्थाको छोटो परिचय | - कलैयामा बिभिन्न क्षेत्रमा क्रियाशील संघ संस्थामा विद्यार्थीहरुको समूह विभाजन गरी हरेक समूहलाई एउटा संस्था visit गर्न लगाई संस्थाको नाम र काम संकलन गर्न सहजीकरण गर्ने<br>- ति संस्थाबाट प्राप्त भएका सूचना तथा जानकारीहरु हरेक समूहबाट कक्षाकोठामा प्रस्तुत गर्न लगाउने<br>- शिक्षकले रेडक्रस सोसाइटीको परिचय दिई त्यसले गर्ने कार्यहरु बुँदागत रुप छलफल गराई प्रस्ट पारी दिने | - कलैयामा क्रियाशील संघ संस्थाको नामावली तयार गर्न लगाएर<br>- सामाजिक संघ संस्थाले गर्ने कार्यहरु field visit मार्फत संकलन गर्न लगाएर<br>- नेपाल रेडक्रस सोसाइटी कस्तो संस्था हो ? यसले गर्ने कार्यहरु के-के हुन् ? जस्ता प्रश्न गरेर<br>- सामाजिक संस्था को आवश्यकता बारे लेख्न लगाएर | १६ |
| ७ | स्थानीय पेसा र प्रविधि | - स्थानीय पेशाको परिचय र महत्व<br>- स्थानीय परम्परागत प्रविधिहरु जस्तै | - स्थानीय स्तरमा चलनमा रहेका पेशाहरुको सूची तयार गरी तिनका | - व्यवसायको परिचय र महत्वसँग सम्बन्धित विभिन्न | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मही पार्ने, अन्न पिस्ने, धान कुटने, मसला पिस्ने आदि<br>- प्रचलनमा ल्याइएका आधुनिक प्रविधिहरु (जस्तै मही पार्ने, अन्न पिस्ने, धान कुटने, मसला पिस्ने आदि<br>- उपयुक्त माटो छनौट<br>- माटोको काम गर्दा आवश्यक औजारहरु र सुरक्षित प्रयोग<br>- माटोको सामग्री निर्माण (फलफूल, जनावर, ज्यामितीय आकार, घरायसी समान आदि | आवश्यकता बारे बताई दिने<br>- समुदायका व्यक्तिहरुले गर्ने विभिन्न कामका बारेमा छलफल गरी पेशाको परिचय दिने र त्यसको महत्व बताउने<br>- परम्परागत पेसाको महत्व छलफल गराई लेख्न लगाउने<br>- लोप हुदै गएका पेशाको नाम बताई संरक्षणका उपायहरु प्रस्ट पारिदिने<br>- उक्त कामहरु गर्न अपनाइएका आधुनिक प्रविधिहरु सम्बन्धी भिडियो, डकुमेन्ट्र प्रदर्शन गर्ने,<br>- माटोबाट निर्माण गरिएका विभिन्न सामग्रीहरु प्रदर्शन गरी त्यस्ता सामग्रीहरु निर्माण गर्न प्रेरित गर्ने,<br>- माटोको किसिम चर्चा गरी सामग्री निर्माण गर्न उपयुक्त माटो छनौटमा सहजीकरण गर्ने,<br>- सामग्रीहरु निर्माण गर्न आवश्यक पर्ने औजारहरु प्रदर्शन गरी तिनको प्रयोग प्रष्ट पार्ने, | मौखिक प्रश्नहरु सोधेर<br>- समुदायमा प्रयोगमा आएका विभिन्न परम्परागत प्रविधिहरुको सूची बनाउन लगाएर,<br>- माटोको काममा विद्यार्थीहरुको सहभागिता अवलोकन गरेर<br>- विद्यार्थीहरुले निर्माण गरेका वस्तुहरुको मूल्याङकन गरेर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - माटोबाट विभिन्न वस्तुहरु निर्माण गर्न माटो छान्न र मुछ्न लगाउने, आकार दिई सामग्री सुकाउन लगाउने, कटिङ्ग गर्ने र पेन्टिङ्ग गर्ने अभ्यास गराउने | | |
| ८. | स्थानीय भाषा र लिपि | -थारु भाषाको परिचय र उत्पति<br>-थारु भाषाको प्रयोग र महत्त्व<br>-थारु साहित्य | -थारु भाषाको परिचय उत्पति कसरी भएको हो भनी व्यख्या गर्ने<br>-थारु भाषा बोलिने क्षेत्र बारे वर्णन गर्दै प्रष्ट पार्ने<br>-थारु भाषाको प्रयोग र महत्त्व बारे छलफल गर्दै सो बारे भन्न लगाउने<br>-थारु भाषाको सामान्य कथा,कविताहरु भन्न र लेख्न लगाउने | देहाया अनुसारको प्रश्नहरु सोधी मुल्याकंन गर्ने :<br>-थारु भाषाको परिचय लेख्नुहोस<br>-थारु भाषाको महत्त्व उल्लेख गर्नुहोस<br>-थारु भाषामा छोटा र सजिला कविताहरु लेख्नुहोस । | १० |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा -५**

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | कलैया परिचय | -कलैया उपमहानगरपालिकाभित्र रहेका वडाहरुले प्रदान गर्ने सेवाहरुको सूची<br>-आफ्नो वडा भित्र भएका विकासका कार्यहरुको सूची<br>-पालिकाभित्र रहेका विभिन्न स्थानीय प्राकृतिक श्रोत तथा साधनहरु<br>-स्थानीय प्राकृतिक श्रोत तथा साधनहरुको महत्त्व | -विद्यार्थीहरुलाई आ-आफ्नो वडाबाट प्राप्त हुने सेवाहरु बारे लेख्न लगाउने र छुट भएको वा विद्यार्थीहरुले लेख्न नसकेका सेवाहरु थप गर्ने<br>-नजिकै रहेको वडा कार्यलयको स्थलगत अवलोकन भ्रमण गर्न लगाउने<br>-वडा अध्यक्षसंग भेट्ने र वडाबाट प्रवाह हुने सेवाहरु बारे छलफल गर्ने वातावरण मिलाउने<br>-आफ्नो वडा भित्र भएका विभिन्न विकासका कार्यहरुको खोजी गरी प्रस्तुत गर्न लगाउने<br>-पालिकाभित्र रहेका विभिन्न स्थानीय प्राकृतिक श्रोत तथा साधनहरु के-के हुन् सक्छन भनी टिपोट गर्न लगाउने र छुट भएको श्रोत साधनहरु थप्न लगाउने<br>-माथि उल्लेखित श्रोत तथा साधनहरुको महत्त्व बारे बुंदागत रुपमा लेख्न लगाउने | देहाय अनुसारको विभिन्न किसिमका प्रश्नहरु सोधी मूल्यांकन गर्ने<br>१. प्रश्नोत्तर<br>-वडाबाट प्रदान गरिने कुनै ५वटा सेवा लेख्नुहोस ।<br>-पालिकाभित्र रहेका विभिन्न स्थानीय प्राकृतिक श्रोतह तथा साधनहरु मध्ये कुनै ५ वटाको नाम लेख्नुहोस ।<br>२. ठिक/ बेठिक<br>-वडाले जन्मदर्ता प्रमाणपत्र बनाउँछ ।<br>-मृत्युदर्ता प्रमाण पत्र बनाउँछ । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ऐतिहासिक तथा , पर्यटकीय स्थलहरु | -मुक्तेश्वरनाथ मन्दिरको परिचय<br>-मन्दिर स्थापना गर्ने व्यक्ति वा संघ संस्थाको नाम<br>-मन्दिरको ऐतिहासिक तथा धार्मिक परिचय र महत्त्व<br>-सिधेश्वर खेल मैदानको निर्माण मिति र निर्माता<br>-सो खेल मैदानको परिचय र महत्त्व | -मुक्तेश्वरनाथ मन्दिर बारे प्रश्न गर्दै सोको परिचय बताउने<br>- स्थापना गराउने व्यक्ति वा संस्था को वा कुन हो भनी संस्थापकको नाम बताउने<br>-मन्दिरको ऐतिहासिक तथा धार्मिक परिचय र महत्त्वबारे छलफल गरि लेख्न लगाउने<br>-सिधेश्वर खेल मैदानको निर्माण मिति र निर्माताको नाम भन्न लगाउने<br>-मुक्तेश्वरनाथ मन्दिर र सिद्धेश्वर खेलकुद मैदानको स्थलगत अवलोकन भ्रमण गराउने<br>-सो खेल मैदानको परिचय र महत्त्वबारे व्याख्या गर्न  लगाउने | देहाय अनुसारको  प्रश्नहरु सोधी मुल्याकंन गर्ने<br>१ प्रश्नोत्तर<br>-मुक्तेश्वर नाथ मन्दिरको स्थापना कहिले भएको हो?<br>-मुक्तेश्वर नाथ मन्दिरको संस्थापक को हुन्?<br>-मुक्तेश्वरनाथ मन्दिरको धार्मिक महत्त्व बारे लेख्नुहोस<br>-सिधेश्वर खेल मैदान कसले बनाएका हुन्?<br>२. खालि ठाउँ भर्नुहोस्<br>-मुक्तेश्वर नाथ मन्दिरको स्थापना......सालमा भएको हो ।<br>- सिधेश्वर खेल मैदानको निर्माणता .......हुन् । | १४ |
| ३. | धर्म, संस्कृति र , संस्कार | -छठ पर्व मनाउने समुदाय<br>-छठ पर्वको  परिचय<br>-छठ पर्वको धार्मिक महत्त्व<br>-होली (फगुवा) पर्व मनाउने समुदाय<br>-होली पर्वको  परिचय<br>-होली पर्वको धार्मिक महत्त्व | -आफ्नो समुदायमा मनाइने विभिन्न पर्वहरुको सूची बनाउन लगाउने साथै छुट भएको पर्वहरुको नाम थप्ने<br>-छठ पर्व झल्किने सांस्कृतिक  कार्यक्रम गराउने<br>-छठ पर्वको परिचय तथा धार्मिक महत्त्व भन्ने र भन्न लगाउने<br>-होली पर्वको परिचय  र त्यसको महत्त्व | देहाय  अनुसारको प्रश्नहरु सोधी मुल्याकंन गर्ने<br>-आफ्नो गाउँ टोलमा मनाइने  विभिन्न पर्वहरुको नाम लेख्नुहोस ।<br>-छठ पर्वमा  कुन भगवानको पुजा हुन्छ?<br>-छठ पर्वमा कुन कुन | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बारे बताउदै भन्न लगाउने<br>-होली पर्व झल्किने सांस्कृतिक कार्यक्रम गराउने | फलहरुको प्रयोग गरिन्छ? सूची तयार पार्नुहोस ।<br>-छठ पर्वको धार्मिक महत्त्व बताउनुहोस ।<br>-होली पर्वको धार्मिक महत्त्व बारे व्याख्या गर्नुहोस । | |
| ४ . | कृषि,जडिबुटी र व्यवसाय | -विभिन्न लोपोन्मुख (आलस,चना,रहर,रामदाना,गाँजा,मडुवा) बालीहरुको नाम सहितको फोटो<br>-उल्लेखित लोपोन्मुख बालीहरुको परिचय तथा महत्त्व<br><br>-विभिन्न बेमौसमी तरकारीहरुको नाम<br>-बेमौसमी तरकारी उत्पादन गर्ने तरिका<br>-बेमौसमी तरकारी खेतीबाट हुने फाइदा<br>-स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको सूची<br>-स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको औषधीय गुणहरु | -आ-आफनो गाउँ घरमा पाइने विभिन्न अन्नहरुको नाम सोध्दै सेतो पाटीमा लेख्दै जाने र छुट भएमा थप गर्ने<br>-सो अन्न बालीहरुको परिचय तथा महत्त्व बारे बताउदै विद्यार्थीहरुलाई पनि भन्न लगाउने<br>-आ-आफ्नो गाउँ घरमा पाइने विभिन्न तरकारीहरूको नाम सेतो पाटीमा लेख्न लगाउने र छुट भएमा थप्ने<br>-विभिन्न बेमौसमी तरकारीहरुको नाम भन्न लगाउने<br>-बेमौसमी तरकारी उत्पादन गर्ने तरिका बारे वर्णन गर्दै विधार्थीलाई पनि वर्णन गर्न लगाउने<br>-बेमौसमी तरकारी खेतीबाट हुने फाइदाहरु बताउन लगाउने ।<br>-स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको नामहरु सोध्दै सेतो पाटीमा लेख्दै जाने र छुटेको भए थप्ने | देहाय अनुसारको प्रश्नहरु सोधी मुल्याकंन गर्ने<br>-लोपोन्मुख अन्नहरूको सूची तयार पार्नुहोस ।<br>-बेमौसमी तरकारी खेतीबाट हुने कुनै ५ वटा फाइदाहरु लेख्नुहोस ।<br>-स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको नाम लेख्नुहोस ।<br>-स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको औषधीय गुणहरु लेख्नुहोस । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -स्थानीय स्तरमा पाइने विभिन्न जडिबुटीहरुको औषधीय गुणहरु बारे छलफल गराई भन्न लगाउने | | |
| ५ | वातावरण प्रकोप र सरसफाइ | -घर र विद्यालयबाट निस्किने विभिन्न फोहरको सूची<br>-फोहरहरुको वर्गीकरण (कुहिने र नकुहिने)<br>-पानीको विभिन्न प्रयोग<br>-पानीबाट हुने फाइदाहरु<br>-पानी पिउने तरिका र मात्रा | -फोहर भनेको के हो भनी छलफल गराउने<br>-घर र विद्यालयबाट निस्किने फोहोर के-के हुन् सक्छ भनी सूची बनाउन लगाउने<br>-कुहिने र नकुहिने फोहरहरुको वर्गीकरण गर्न लगाउने<br>-पानीको विभिन्न प्रयोग भन्न लगाउने<br>-पानी पिउनाले हुने फाइदाहरु लेख्न लगाउने | देहाय अनुसारको प्रश्नहरु सोधी मूल्याङकन गर्ने<br>-आफ्नो घरबाट निस्किने कुनै ५ वटा फोहोरको नाम लेख्नुहोस ।<br>-विद्यालयबाट निस्किने फोहरको सूची बनाउनुहोस<br>-कुहिने र नकुहिने फोहोर बीच फरक लेख्नुहोस ।<br>-पानी पिउनाले के- के फाइदा हुन्छ?लेख्नुहोस्। | २० |
| ६ | संघसंस्था र व्यक्ति परिचय | -स्थानीय स्तरमा रहेका सामाजिक संघसंस्थाहरुको सूची<br>-नेपाल स्काउटको परिचय र महत्त्व<br>-नेपाल स्काउटको कार्यहरु<br>-जनहित पुस्तकालयको परिचय तथा महत्त्व<br>-जनहित पुस्तकालयको कार्यहरु<br>-द अग्रवाल फाउन्डेसनको परिचय र कार्यहरु<br>-रामलाल चानावालाको जीवनी | -स्थानीय स्तरमा रहेका विभिन्न सामाजिक संघसंस्थाहरुको नाम बताउन लगाउने<br>-नेपाल स्काउटको परिचय, महत्त्व तथा कार्यहरु बारे व्याख्या गर्दै लेख्न लगाउने<br>-जनहित पुस्तकालयको परिचय, महत्त्व तथा कार्यहरु बारे वर्णन गर्दै टिपोट गर्न लगाउने<br>-द अग्रवाल फाउन्डेसनको परिचय र कार्यहरु बारे छलफल गरी बुंदा टिपोट गर्न लगाउने<br>-ती संघ संस्थाहरुको स्थलगत भ्रमण | देहाय अनुसारको प्रश्नहरुद्वारा मूल्याङकन गर्ने<br>-कलैया उमहानगर पालिकाभित्र रहेका विभिन्न संघसंस्थाहरुको नाम लेख्नुहोस ।<br>-सामजिक कार्यमा विशेष योगदान गर्ने व्यक्ति, रामलाल चानावालाको जीवनी लेख्नुहोस ।<br>-समाजमा विशेष योगदान | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गराई त्यहाँको विविध गतिविधिहरु टिपोट गर्न लगाउने<br>-रामलाल चानावालाको फोटो देखाउदै परिचय बताउने र वहाँले पुर्याउनु भएको योगदानको बारेमा चर्चा गर्दै वहाँको जीवनी लेख्न लगाउने<br>-सामाजिक कार्यहरुमा विशेष योगदान गर्ने व्यक्तिहरुलाई विद्यालयमै आमन्त्रित गरि विद्यार्थीहरुसँग प्रत्यक्ष भेटघाट गर्ने वातावरण मिलाउने | पुर्याउने कुनै एक संस्था बारे लेख्नुहोस ।<br>-समाजमा विशेष योगदान पुर्याउने कुनै एक व्यक्तिको बारे लेख्नुहोस ।<br>-नेपाल स्काउटको कार्यहरु लेख्नुहोस् । | |
| ७ | स्थानीय पेसा र प्रविधी | -बाँसबाट बन्ने विभिन्न सामग्रीहरुको सूची<br>-ती सामग्रीहरुको प्रयोग र महत्त्व<br>-बाँसबाट बन्ने सामग्रीहरु बनाउने तरिकाहरु | -बाँसबाट बन्ने विभिन्न सामग्रीहरुको सूची बनाउन लगाउने<br>-ती सामग्रीहरु कुन-कुन कार्यहरुको लागि प्रयोग गरिन्छ भने बारे प्रस्तुत गर्न लगाउने<br>-ती सामग्रीहरुको महत्त्व बारे व्याख्या गर्ने<br>-ती सामग्रीहरु बनाउने व्यक्तिलाई विद्यालयमै आमन्त्रित गरी सो सामग्रीहरु बनाउन तालिमको व्यवस्था मिलाउने | देहाया अनुसारको प्रश्नहरु सोधी मूल्याङकन गर्नेः<br>-स्थानीय स्तरमा बाँसबाट बनेका विभिन्न सामग्रीहरुको सूची तयार गर्नुहोस् ।<br>-बाँसबाट बन्ने विभिन्न सामग्रीहरुको प्रयोगहरु तथा महत्त्व बारे लेख्नुहोस ।<br>-बाँसबाट बन्ने विभिन्न सामग्रीहरु बनाउनुहोस । | १६ |
| ८ | स्थानीय भाषा र लिपि | -संस्कृत भाषाको उत्पति<br>-संस्कृत भाषाको परिचय र क्षेत्र<br>-संस्कृत भाषाको प्रयोग र महत्त्व | -संस्कृत भाषाको उत्पति कसरी भएको हो भनी व्यख्या गर्ने<br>-संस्कृत भाषाको परिचय र क्षेत्र बारे | देहाय अनुसारको प्रश्नहरु सोधी मुल्यांकन गर्ने :<br>-संस्कृत भाषाको परिचय | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -संस्कृत भाषाको लिपि | वर्णन गर्दै प्रष्ट पार्ने<br>-संस्कृत भाषाको प्रयोग र महत्त्व बारे छलफल गर्दै सो बारे भन्न लगाउने<br>-संस्कृत भाषाको लिपि बताउने | लेख्नुहोस ।<br>-संस्कृत भाषाको महत्त्व उल्लेख गर्नुहोस ।<br>-संस्कृत भाषामा छोटा र सजिला कविताहरु लेख्नुहोस | |

**कक्षागत सिकाई उपलब्धि कक्षा ६-८**

| क्र स | विषय क्षेत्र | सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | कलैया परिचय | १.पालिकाबाट प्रवाह हुने सेवाहरुको सूची तयार पार्न<br>२.स्थानीय जन प्रतिनिधिहरुको काम कर्तब्य र अधिकार लेख्न | १. कलैयाको सार्वजनिक स्थल (मठ,मन्दिर,मस्जिद,पार्क,विद्यालय,हाट,बजार,सडक,धर्मशाला)को परिचय दिन<br>२. कलैयाको सार्बजनिक स्थल (मठ,मन्दिर,मस्जिद,पार्क,बिद्यालय,हाट,बजार,सडक,धर्मशाला)को संरक्षण गर्ने तरिका बताउन<br>३.नगर सभाको गठन र काम कर्तब्य र अधिकार बताउन | १. नगर कार्यपालिका गठन र काम, कर्तब्य लेख्न<br>२. नगर न्यायिक समितिको काम, कर्तब्य र अधिकार वर्णन गर्न<br>३. कलैया उप-महानगरपालिकाको नक्सा कोर्न र विभिन्न ठाउंहरु भर्न |
| २ | ऐतिहासिक,तथा पर्यटकीय स्थल | ३.सिद्धेश्वरनाथ मन्दिरको परिचय तथा धार्मिक महत्व वर्णन गर्न<br>४.छठिया पोखरीको परिचय तथा धार्मिक महत्व भन्न | ४. महाबीर मन्दिर,चिमनी माई मन्दिर,राजदेवी मन्दिरको सामन्य परिचय दिन<br>५. जामिया मस्जिद कलैयाको परिचय, ईतिहास र महत्व वर्णन गर्न | ४. बरेवा दरबारको परिचय र महत्व बताउन<br>५. पर्यटनमा देखिएका समस्या पहिचान गर्न<br>६. पर्यटन प्रवर्धनका उपायहरु बताउन |
| ३ | धर्म,संस्कृति र संस्कार | ५.जाटजटिन,डोमकच ,नेटुवाको नाचको परिचय र महत्व बताउन<br>६.जाटजटिन,डोमकच ,नेटुवाको नाचको अभिनय गर्न<br><br>७. स्थानीय बाजा बजाउन | ६. स्थानीय पहिरन तथा भेषभूषाको परिचय दिन<br>७. स्थानीय लोकगीतलाई लयमा गाउन<br>८. मुस्लिम धर्मावलम्बीको मुख्य संस्कारहरु बताउन | ७. झन्डी मेलाको परिचय र महत्व वर्णन गर्न<br>८. स्थानीय लोक संस्कृति लोप हुने कारणहरु लेख्न<br>९. स्थानीय लोक संस्कृति संरक्षण गर्ने उपायहरु बताउन<br>१०. हिन्दु धर्मावलम्बीका प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| | | | | संस्कारहरु को सुची तयार गर्न |
| ४ | कृषि, जडिबुटी र व्यवसाय | ८.स्थानीय जडिबुटीहरुको सुची तयार गर्न<br>९. स्थानीय जडिबुटीको प्रयोग तथा महत्व बताउन<br>१०. स्थानीय जडिबुटीको औषधीय गुण बताउन | ९. पशुपक्षी पालनको आधुनिक (गाई, भैंसी, बंगुर) उपायहरु पहिचान गर्न<br>१०. स्थानीय जडिबुटीहरुको सूची तयार गर्न<br>११.जडिबुटीहरुको प्रयोग तथा महत्व बताउन<br>१२.जडिबुटीहरुको औषधीय गुण बताउन | ११. कृषिमा आधारित उद्योगको महत्व बताउन<br>१२. परम्परागत र आधुनिक कृषि बिचको भिन्नता छुट्याउन<br>१३. विभिन्न स्थानीय जडिबुटीहरुको औषधीय गुणहरुको सूची तयार गर्न |
| ५ | वातावरण, प्रकोप र सफाइ | ११.स्थानीय जडिबुटीको सुची तयार गर्न<br>१२. स्थानीय जडिबुटीको प्रयोग तथा महत्व बताउन<br>१३. स्थानीय जडिबुटीको औषधीय गुण बताउन<br>१४. घर र विद्यालयबाट निस्कने फोहर व्यवस्थापन गर्ने तरिका बताउन<br>१५. घर र विद्यालयबाट निस्कने फोहर पुनः प्रयोगको महत्व बताउन<br>१६.अम्लिय र क्षारीय गुण भएको खानाको परिचय, भिन्नता र महत्व बताउन | १३. हरित विद्यालयको परिचय, महत्व र अंगहरु बताउन<br>१४.ईको क्लबको परिचय, महत्व र कार्यहरु बताउन<br>१५. विपद्को परिचय र कारण बताउन<br>१६. बाढी र खडेरीको परिचय, कारण र न्यूनीकरणको उपायहरु बताउन<br>१७. योगको परिचय र फाईदाहरु बताउन | १४. प्रदुषणको परिभाषा, प्रकार, कारण र रोकथामको उपायहरु बताउन<br>१५. पोषणको परिचय र सन्तुलित आहारको महत्व बताउन<br>१६. प्रकोप र विपद्को भिन्नता बताउन<br>१७. विपद् व्यवस्थापनको तरीकाहरु बताउन<br>१८. आगलागी र शीतलहरको परिचय, कारण र न्यूनिकरणका उपायहरु बताउन<br>१९. योगको प्रकार र तरिकाहरु बताउन |
| ६ | संघसंस्था र व्यक्ति परिचय | १७.सामाजिक संघसंस्थाको जगेर्ना गर्ने तरिका बताउन | १८.गोपाल ब्रम्हचारीको जीवनी र योगदानहरु बताउन<br>१९.पन्नादेवीको जीवनी र योगदानहरु बताउन | २०.राम राजा मोहन बिक्रम शाहको जीवनी र योगदान बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | १८.पशुपति पुस्तकालयको परिचय, कार्य र महत्व बताउन<br>१९.देवकोटा स्मृति सभाको परिचय,महत्व र कार्य बताउन<br>२०.अमृता अनाथ आश्रमको परिचय तथा कार्य बताउन | २०.अमर बहादुर फौजदारको जीवनी र योगदानहरु बताउन | २१.रामलाल चना वालाको जीवनी र योगदान बताउन<br>२२.डा.केशव उपाध्यायको जीवनी र योगदान बताउन |
| ७ | स्थानीय पेसा र प्रविधि | २१.काठबाट बन्ने विभिन्न सामग्रीको सूची तयार गर्न<br>२२.काठबाट बन्ने विभिन्न सामग्री निर्माण गर्ने तरिका बताउन | २१.माटोबाट बन्ने विभिन्न सामग्रीको सूची तयार गर्न<br>२२.माटोबाट विभिन्न सामग्री निर्माण गर्न | २३. बाँसबाट बनेका सामग्रीहरुको सूची<br>२४.बाँसबाट विभिन्न सामग्री निर्माण गर्न |
| ८ | स्थानीय भाषा र लिपि | २३. उर्दु लिपिको परिचय दिन<br>२४. उर्दु लिपिको इतिहास बताउन<br>२५. उर्दु लिपिको महत्व बताउन | २३.थारु भाषाको परिचय दिन<br>२४.थारु भाषाको इतिहास बताउन<br>२५.थारु भाषाको महत्व बताउन<br>२६.थारु भाषाका कथा कविता सस्वर वाचन गर्न र अर्थ बताउन | २५.कैथी लिपिको परिचय दिन<br>२६.भोजपुरी भाषाको इतिहास र विशेषता बताउन<br>२७.भोजपुरी कथा कविता सस्वर वाचन गरी अर्थ बताउन |

**कक्षा ६-८ को विषयवस्तुको क्षेत्रक्रम र तिनको विस्तृतीकरण**

**कक्षा ६**

| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | सिकाई सहजीकरण प्रक्रिया | सम्भावित मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | कलैया परिचय | -पालिकाबाट प्रवाह हुने सेवाहरुको सूची<br>-पालिकाभित्र भएका विकासका कार्यहरु :पूर्वाधारको विकास (सडक, खानेपानी, सिचाइ, साक्षरता आदि) व्यवस्थित वसोबास, वातावरण संरक्षण, व्यवस्थापन<br>-स्थानीय जनप्रतिनिधिहरुको काम,कर्तव्य र अधिकार | -पालिकाबाट प्राप्त गर्न सकिने विभिन्न सेवाहरु बारे बताउंदै सोको सूची तयार पार्न लगाउने<br>-पालिकाको स्थलगत अवलोकन भ्रमण गराउने<br>-नगर प्रमुख/उपप्रमुख तथा प्रशासकीय अधिकृतसँग प्रत्यक्ष भेटघाट गराई पालिकाले प्रवाह गर्ने विविध सेवाहरुको बारे छलफल गर्ने वातावरण मिलाउने<br>- स्थानीय जनप्रतिनिधिहरुसँग प्रत्यक्ष रुपमा भेटघाट गराई वहाँहरुको काम, कर्तव्य तथा अधिकार बारे प्रश्नोत्तर गर्ने वातावरण मिलाउने<br>- पालिकाभित्र भएका विभिन्न विकासका कार्यहरुको खोजी गरी प्रस्तुत गर्न लगाउने<br>-स्थानीय जनप्रतिनिधिहरुको काम,कर्तव्य र अधिकार बारे छलफल गर्दै बुंदागत रुपमा लेख्न लगाउने | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याकंन गर्नुहोस :<br>-पालिकाबाट प्राप्त गर्न सकिने सेवाहरुलाई बुंदागत रुपमा टिपोट गर्नुहोस ।<br>-पालिकाभित्र भएका विकासका कार्यहरुको सूची बनाउनुहोस् ।<br>-जनप्रतिनिधिहरुको काम,कर्तव्य र अधिकारबारे वर्णन गर्नुहोस ।<br>-जनप्रतिनिधिहरुसँग सोधिने विभिन्न प्रश्नहरु निर्माण गर्नुहोस् । | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | ऐतिहासिक,तथा पर्यटकीय स्थल | -सिद्धेश्वरनाथ मन्दिरको ऐतिहासिक परिचय<br>-सिद्धेश्वरनाथ मन्दिरको धार्मिक महत्त्व<br>-सिद्धेश्वरनाथ मन्दिरको संरक्षणका उपायहरु<br>-छठीया पोखरीको परिचय<br>-छठीया पोखरीको धार्मिक महत्त्व<br>-छठीया पोखरीको संरक्षणका उपायहरु | - सिद्धेश्वरनाथ मन्दिरको ऐतिहासिक पृष्ठभूमि बताउदै पठन पाठन संचालन गर्ने<br>-यस मन्दिरको धार्मिक महत्त्व बारे वर्णन गर्दै विद्यार्थीहरुलाई लेख्न लगाउने<br>-सिद्धेश्वरनाथ मन्दिरको स्थलगत अवलोकन भ्रमण गराउने<br>-सिद्धेश्वरनाथ मन्दिर बारे परियोजना कार्य गराउने<br>-सिद्धेश्वरनाथ मन्दिरको संरक्षणका उपायहरु बारे वर्णन गर्दै टिपोट गर्न लगाउने<br>-छठीया पोखरीको परिचय प्रस्तुत गर्दै विद्यार्थीहरुलाई पनि भन्न लगाउने<br>-छठीया पोखरीको धार्मिक महत्त्व बारे बताउदै लेख्न लगाउने<br>-छठीया पोखरीको स्थलगत अवलोकन भ्रमण गराउने<br>-छठीया पोखरी बारे परियोजना कार्य गराउने<br>-छठीया पोखरीको संरक्षणका उपायहरु बारे वर्णन गर्दै टिपोट गर्न लगाउने | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्यांकन गर्नुहोसः<br>- सिद्धेश्वरन मन्दिरको बारे चर्चा गर्नुहोस ।<br>-सिधेश्वरनाथ मन्दिरको धार्मिक महत्त्व बारे वर्णन गर्नुहोस ।<br>-छठीया पोखरीको परिचय बताउनुहोस ।<br>-छठीया पोखरीको धार्मिक महत्त्व लेख्नुहोस । | १४ |
| ३. | धर्म, संस्कृति र संस्कार | -जटजटिन नाचको परिचय र महत्त्व<br>-डोमकच नाचको परिचय र महत्त्व<br>-नेटुवाको नाचको परिचय र | -जटजटिन नाचको परिचय र महत्व बारे प्रकाश पार्दै शिक्षण कार्यलाई अघि बढाउने<br>-डोमकच नाचको परिचय र महत्व वर्णन गर्दै विद्यार्थीहरुलाई पनि भन्न लगाउने<br>-नेटुवा नाचको परिचय र महत्व बारे | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याकङन गर्नुहोस :<br>- जटजटिन नाचको परिचय र महत्त्व प्रस्तुत गर्नुहोस ।<br>-डोमकछ नाचको परिचय र महत्त्व | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | महत्त्व<br>-जटजटिन,डोमकछ र नेटुवाको नाचको अभिनय<br>-स्थानीय बाजाहरु (ढोलक, बाँसुरी, हारमोनियम, तासा, झाली, बेन्जु, कठ्झाली,नागारा, टिमकी आदि) को परिचय | छलफल गर्दै लेख्न लगाउने<br>-जटजटिन,डोमकछ र नेटुवाको नाचको अभिनय गर्न लगाउने<br>-ती नाचहरु गर्ने स्थानीय व्यक्तित्वहरुलाई विद्यालयमै आमन्त्रित गरि विद्यार्थीहरुलाई सिकाउन अनुरोध गर्ने<br>- विद्यार्थीहरुलाई ती नाचहरुको भिडियो देखाई सोही अनुसार अभिनय गर्न प्रोत्साहित गर्ने<br>-विद्यालयमा सांस्कृतिक कार्यक्रमको आयोजना गरि जटजटिन, डोमकछ, तथा नेटुवा नाचको अभिनय गर्न लगाउने<br>-स्थानीय बाजाहरु (ढोलक, बाँसुरी, हारमोनियम, तासा, झाली, बेन्जु, कठ्झाली,नागारा, टिमकी आदि) को फोटोहरु तथा भिडियोहरु देखाई सोको परिचय बताउने<br>-ती बाजाहरु मध्ये सजिलै बजाउन सकिने बाजा बजाउन सिकाउने | लेख्नुहोस ।<br>-नेटुवाको नाचको परिचय र महत्व बारे प्रष्ट पार्नुहोस ।<br>-जटजटिन,डोमकछ र नेटुवाको नाचको अभिनय गर्नुहोस ।<br>-स्थानीय बाजाहरु (ढोलक, बाँसुरी, हारमोनियम, तासा, झाली, बेन्जु, कठ्झाली,नगारा, टिमकी आदि) को फोटो हेरी तिनीहरुको नाम लेख्नुहोस<br>-स्थानीय बाजाहरु (ढोलक, बाँसुरी, हारमोनियम, तासा, झाली, बेन्जु, कठ्झाली,नगरा, टिमकी आदि) बजाउनुहोस । | |
| ४ . | कृषि, जडिबुटी र व्यवसाय | -स्थानीय जडिबुटीहरु (तुलसी र निम) को परिचय<br>- स्थानीय जडिबुटीहरु (तुलसी र निम) को प्रयोग तथा महत्त्व<br>- स्थानीय जडिबुटी हरु (तुलसी र निम) को औषधीय गुणहरु | -आ-आफ्नो गाउँ टोलमा पाइने विभिन्न जडिबुटीहरुको सूची बनाउन लगाउने<br>-ती जडिबुटीहरु (तुलसी र निम) के कस्ता रोगहरु लागेमा प्रयोग गरिन्छ भने बारे छलफल गरी लेख्न लागउने<br>-ती जडिबुटीहरु (तुलसी र निम) प्रयोग गर्ने | निम्नलिखित प्रश्नहरुको आधारमा मुल्यांकन गर्नुहोस :<br>-आ-आफ्नो गाउँ टोलमा पाइने जडिबुटीहरुको सुची तयार गर्नुहोस<br>- ती जडिबुटीहरु(तुलसी र निम) कुन-कुन रोगहरुमा प्रयोग गरिन्छ ? | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विधिहरु बताउदै टिपोट गर्न लगाउने<br>-ती जडिबुटीहरु (तुलसी र निम) को औषधीय गुणहरु  बारे छलफल गर्दै लेख्न लागउने | -ती जडिबुटीहरु (तुलसी र निम) प्रयोग गर्ने विधिहरु लेख्नुहोस ।<br>-ती जडिबुटीहरु (तुलसी र निम) को औषधीय गुणहरु  बारे वर्णन गर्नुहोस | |
| ५ | वातावरण, प्रकोप र सफाइ | -घर र विद्यालयबाट निस्कने फोहरको व्यवस्थापन गर्ने तरिका<br>-फोहरबाट हाम्रो शरीरमा पर्ने प्रतिकुल असरहरु<br>-फोहरहरुको पुनः प्रयोगको महत्त्व<br>-अम्लीय र क्षारीय गुण भएको खानाको परिचय<br>-अम्लीय र क्षारीय खाना बीच फरक<br>-अम्लीय र क्षारीय खानाको महत्त्व | -घर र विद्यालयबाट निस्कने विभिन्न फोहर व्यवस्थापन सम्बन्धि फोटो वा भिडियो देखाउने<br>-फोटो तथा भिडियो देखाई सकेपछि फोहर व्यवस्थापन गर्ने तरिकाहरु लेख्न लगाउने<br>-फोहरहरु राम्ररी व्यवस्थापन गरिएन भने यसबाट हाम्रो शरीरमा पर्ने प्रतिकुल असरहरु बारे छलफल गरी लेख्न लगाउने<br>-फोहरहरु पुनः प्रयोगको महत्त्व प्रस्तुत गर्दै सोको सूची तयार पार्न लगाउने<br>-अम्लीय र क्षारीय खाना बीच रहेका भिन्नताहरु टिपोट गर्न लगाउने<br>-अम्लीय र क्षारीय खानाको महत्त्व बताउदै लेख्न लगाउने | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याङकन गर्नुहोस :<br>-विभिन्न फोहरहरु व्यवस्थापन गर्ने तरिकाहरु उल्लेख गर्नुहोस ।<br>-पुनः प्रयोग गर्न सकिने फोहरको महत्त्व बारे चर्चा गर्नुहोस ।<br>-अम्लीय र क्षारीय खाना बीच भिन्नताहरु लेख्नुहोस ।<br>- अम्लीय र क्षारीय खानाको महत्त्व बारे वर्णन गर्नुहोस । | १८ |
| ६ | संघसंस्था र व्यक्ति परिचय | -सामाजिक संघसंस्थाहरुको जगेर्ना गर्ने तरिका<br>-पशुपति पुस्तकालयको परिचय,महत्त्व र कार्यहरु<br>-देवकोटा स्मृति सभाको परिचय,महत्त्व र कार्यहरु<br>-अमृता अनाथ आश्रमको | -सामाजिक संघसंस्थाहरुको जगेर्ना गर्ने उपायहरु बारे छलफल गर्दै टिपोट गर्न लगाउने<br>-पशुपति पुस्तकालयको परिचय बताउदै यसको  महत्त्व र कार्यहरुको सूची बनाउन लगाउने<br>-देवकोटा स्मृति सभाको परिचय, महत्त्व र | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याङकन गर्नुहोस :<br>-सामाजिक संघसंस्थाहरुको जगेर्ना गर्ने उपायहरुको सूची तयार पार्नुहोस<br>-पशुपति पुस्तकालयको कार्यहरुको व्याख्या गर्नुहोस ।<br>-देवकोटा स्मृति सभा बारे लेख्नुहोस | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिचय,महत्त्व र कार्यहरु | कार्यहरु बारे वर्णन गर्दै लेख्न लगाउने<br>-अमृता अनाथ आश्रमको परिच, महत्त्व र कार्यहरु प्रस्तुत गर्दै टिपोट गर्न लगाउने<br>-आफ्नो समुदायमा रहेको विभिन्न संघ संस्थाहरु (पशुपति पुस्तकालय, अमृता अनाथ आश्रम ) को स्थलगत अवलोकन गराई विविध गतिविधिहरु समेटी एक प्रतिवेदन तयार पार्न लगाउने | -अमृता अनाथ आश्रमको कार्यहरु लेख्नुहोस ।<br>-पशुपति पुस्तकालय बारे एक प्रतिवेदन तयार गर्नुहोस । | |
| ७ | स्थानीय पेसा र प्रविधि | -काठबाट बन्ने विभिन्न सामग्रीहरु<br>-काठबाट बन्ने विभिन्न सामग्रीहरुको प्रयोग<br>-उल्लेखित विभिन्न सामग्रीहरु बनाउने तरिकाहरु | -आ-आफ्नो गाउँ घरमा पाइने काठबाट बनेका विभिन्न सामग्रीहरुको सूची बनाउन लगाउने<br>-काठबाट बनेका विभिन्न सामग्रीहरुको फोटो देखाई नाम भन्न लगाउने<br>-ती सामग्रीहरुको प्रयोग बारे छलफल गराउदै बुंदागत रुपमा लेख्न लगाउने<br>-उल्लेखित विभिन्न सामग्रीहरु बनाउने तरिकाहरु बारे भिडियो देखाई सो तरिकाहरु प्रष्ट पार्ने<br>-काठबाट विभिन्न सामग्रीहरु बनाउने आफ्नो समुदायमा रहेका व्यक्तित्वलाई विद्यालयमा आमन्त्रित गरी काठबाट विभिन्न सामग्रीहरु बनाउने तालिम संचालन गर्ने | निम्नलिखित प्रश्नहरुको आधारमा मुल्यांकन गर्नुहोस :<br>-काठबाट बनेका विभिन्न सामग्रीहरुको सूची तयार गर्नुहोस ।<br>-सो सामग्रीहरु कुन -कुन कार्यको लागि प्रयोग गरिन्छ ? लेख्नुहोस ।<br>-काठबाट सजिलै बनाउन सकिने कुनै एउटा सामग्री बनाउनुहोस । | १८ |
| ८ | स्थानीय भाषा र लिपि | -उर्दु भाषाको परिचय<br>-उर्दु भाषाको उत्त्पति र विकास | -उर्दु भाषाको परिचय बारे विद्यार्थीहरुलाई बताउदै छलफल गर्न | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याङकन गर्नुहोस : | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -ऊर्दु भाषाको महत्त्व | लगाउने<br>- उर्दु भाषाको उत्त्पति र विकास बारे बनाइएको भिडियो देखाई सो बारे लेख्न लागउने<br>-उर्दु भाषाको महत्त्व बारे वर्णन गर्दै टिपोट गर्न लगाउने | -उर्दु भाषाको परिचय बारे लेख्नुहोस<br>-उर्दु भाषाको उत्त्पति र विकास बारे वर्णन गर्नुहोस ।<br>-उर्दु भाषाको महत्त्व प्रकाश पार्नुहोस | |

**विषयवस्तुको विस्तृतीकरण**

**कक्षा ७**

| क्र.स. | विषय क्षेत्र/ एकाइ | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङकन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १. | कलैया परिचय | -सार्वजनिक स्थलहरुको परिचय<br>-सार्वजनिक स्थलहरुको इतिहास<br>-सार्वजनिक स्थलहरुको महत्व<br>-सार्वजनिक स्थलहरुको जगेर्ना<br>-नगर सभाको गठन, काम, कर्तव्य र अधिकार | -विद्यार्थीहरुलाई आफू बस्ने टोलमा रहेका सार्वजनिक स्थल, सम्पदाहरुको नाम सोध्ने र सूची तयार गर्न लगाउने<br>-शिक्षकको सहजीकरणमा सार्वजनिक स्थलहरुको इतिहास, महत्व र जगेर्नाको बारेमा विद्यार्थीहरुलाई भन्न र लेख्न लगाउने<br>-नगर सभाको गठनको बारेमा शिक्षकले सहजीकरण गर्ने<br>-शिक्षकले नगर सभाको काम,कर्तब्य र अधिकारको ppt को सहयोगबाट सहजीकरण गरि प्रष्ट पारी दिने। | -तल दिएको आधारमा प्रश्न गरि मूल्याङकन गर्नुहोस्<br>आफू बस्ने टोलमा हुने सार्वजनिक स्थलहरुको नाम बताउनु होस?<br>ति सार्वजनिक स्थलहरुको १\१ वटा महत्व बताउनु होस?<br>-सार्वजनिक स्थलको संरक्षण गर्ने उपायहरु के-के हुन?<br>-कक्षा कार्य तथा परीयोजना कार्यको परीक्षण गरेर | १२ |
| २. | ऐतिहासिक,तथा पर्यटकीय स्थल | महावीर मन्दिर,चिमनी माइ मन्दिर,राजदेवी माइ मन्दिर,जामिया मस्जिदको सामान्य परिचय ,महत्व र सँरक्षण | -शिक्षकले विद्यार्थीहरुसँग स्थानीय ऐतिहासिक स्थलहरुको नाम सोध्ने र नोट गरेर प्रस्ट पारी दिने।<br>-शिक्षकले महावीर मन्दिर र चिमनी माइ मन्दिरको सामान्य परिचय,महत्व र सँरक्षण गर्ने उपायहरु पावर पोइन्ट स्लाइडको सहयोगबाट सहजीकरण गरी बताउने।<br>-शिक्षकले राजदेवी मन्दिर,जामिया मस्जिदको | निम्न लिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस<br>महावीर मन्दिर र चिमनी माई मन्दिरको परिचय ,महत्व र सँरक्षण गर्ने उपायहरु लेखनुहोस।<br>राजदेवी मन्दिरको परिचय ,महत्व र सँरक्षणका | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परिचय,महत्व र सँरक्षणका उपायहरुको सम्बन्धमा छलफल गरेर प्रस्ट पारी दिने। | उपायहरु लेखुहोस्।<br>जामिया मस्जिदको परिचय,महत्व र सँरक्षणका उपायहरु लेखुहोस्।<br>-विद्यार्थीहरुलाई परियोजना कार्य दिने<br>-प्रश्न दिएर उत्तर खोज्न लगाउने | |
| ३. | धर्म,संस्कृति र संस्कार | -स्थानीय पहिरन<br>-स्थानीय भेषभूषा<br>-स्थानीय लोकगीतहरु<br>-मुस्लिम धर्मावलम्बीहरुको मुख्य संस्कारहरु | -शिक्षकले स्थानीय पहिरन सम्बन्धी चित्रहरु प्रस्तुती गर्ने<br>-स्थानीय भेषभूषा अवलोकन गर्न लगाउने<br>-स्थानीय लोकगीतहरुको सूची बनाई लयमा गाउन लगाउने<br>-मुस्लिम धर्मावलम्बीको मुख्य संस्कारहरु जन्म र विवाहको संस्कारको तालिका प्रस्तुति साथ विद्यार्थीहरुसंग अन्तरक्रिया गर्दै शिक्षकले प्रष्ट पार्ने मुस्लिम धर्मालम्बीहरुको मृत्यु सँस्कारबारे प्रष्ट पारी दिने। | -अवलोकन गरेर विद्यार्थीहरुबाट अवलोकन पश्चात स्थानीय पहिरन र भेषभूषाबाट हुने फाइदाहरु के-के हुन?लेखन दिएर<br>-गीत गाउन लगाएर<br>-सूची तयार पार्न लगाएर | २० |
| ४. | कृषि, जडिबुटी र व्यवसाय | -पशुपक्षी पालनको आधुनिकीकरण<br>-स्थानीय जडिबुटी परिचय<br>-जडिबुटीको प्रयोग र महत्व<br>-जडिबुटीको औषधीय गुण | -शिक्षकले पशुपक्षी पालनको आधुनिक विधि Multimedia (Power-point) को प्रयोग गरी सहजीकरण गर्ने<br>-स्थानीय जडिबुटीहरु विद्यार्थीहरुलाई सङकलन गर्न लगाइ प्रदर्शनी गर्ने<br>-विद्यार्थीहरुलाई शिक्षकले जडिबुटीको महत्व र | -निम्न लिखित प्रश्नको आधारमा मूल्याङकन गर्नु होस।<br>पशुपालन आधुनिकीकरण भनेको के हो?<br>स्थानिय जडिबुटीहरुको सूचि | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | औषधीय गुण बताउने | बनाउनु होस्?<br>जडिबुटीहरुको महत्व बताउनु होस्<br>जडिबुटीको २\२ वटा औषधीय गुणहरु लेख्नुहोस् ?<br>-छलफल गरेर<br>-परियोजना कार्य गरेर<br>-अवलोकन गरेर | |
| ५ | वातावरण, प्रकोप र स्वास्थ्य | -हरित विद्यालयको परिचय<br>-हरित विद्यालयको महत्व र अङ्गहरु<br>-ईको क्लबको परिचय<br>-ईको क्लबको महत्व र कार्यहरु<br>-विपद्को परिचय र कारण<br>-बाढी र खडेरीको परिचय र कारण<br>-बाढी र खडेरीको न्यूनीकरण गर्ने उपायहरु<br>-योगको परिचय र कार्य (प्रणायामको अभ्यास) | -विद्यार्थीहरुलाई शिक्षकले समूह बनाई हरित विद्यालयको परिचय, महत्व र अङ्गहरु बताउन लगाउने र छुटेको कुराहरुलाई शिक्षकले बताउने।<br>-विद्यार्थीहरुलाई शिक्षकले समूह बनाई ईको क्लबको परिचय, र महत्व बताउन लगाउने र छुटेको कुरा शिक्षकले थपीदिने।<br>- विद्यार्थीहरुलाई शिक्षकले समूह बनाई बिपद्को परिचय, र कारण र न्यूनीकरणका उपायहरु बताउन लगाउने र छुटेको कुराहरुलाई शिक्षकले बताउने।<br>-कथा,पोस्टर,भिडियो ,सामाचारमा लेखिएको घटना आगाडि प्रदर्शन गरि बिपदको परिचय दिने।<br>-योगको परिचय र फाईदाहरु शिक्षकले ppt को प्रयोग गरी सहजीकरण गर्ने।<br>-शिक्षकले प्रदर्शन गरे पछि विद्यार्थीहरुलाई अभ्यास गर्न लगाउने। | तल दिएका जस्तै प्रश्नहरुको आधारमा मूल्याङकन गर्नु होस्।<br>-विपद् के लाई भनिन्छ ?<br>विपद् ब्यवस्थापन किन आवश्यक छ?<br>-बाढी र खडेरीलाई रोकथाम गर्न तत्काल गर्न सकिने ३ वटा उपायहरु लेख्नुहोस्।<br>-बाढी र खडेरीको न्युनीकरण गर्ने ३ वटा उपायहरु बताउनुहोस।<br>-छलफल गरेर<br>-अवलोकन गरेर<br>-प्रश्नोत्तर गरेर<br>-परियोजना कार्य गरेर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | संघसंस्था र व्यक्ति परिचय | -गोपाल ब्रम्हचारीको जीवनी<br>-गोपाल ब्रम्हचारीको योगदान (कृतीहरु)<br>-पन्नादेवीको जीवनी<br>-पन्नादेवीको योगदान<br>-अम्मर बहादुर फौजदारको जीवनी<br>-अम्मर बहादुरको योगदान | -चित्र,फोटो,बायोग्राफी,सँकलन गरी विभिन्न राष्ट्रिय ब्यक्तित्वहरुको फोटो चित्र सङकलन गर्न लगाई योगदान समेत उल्लेख भएको चार्ट बनाउन लगाउने। | निम्न लिखित प्रश्नका आधारमा मूल्याङकन गर्नुहोस।<br>-गोपाल ब्रम्हचारीको जन्म कहाँ भएको थियो?<br>-गोपाल ब्रम्हचारी,पन्नादेबी र<br>-अमर बहादुर फौजदारले शिक्षा क्षेत्रमा पुरयाएका योगदानको चर्चा गर्नुहोस।<br>-परियोजना कार्य गराएर | १६ |
| ७ | स्थानीय पेसा र प्रविधि | -माटोबाट बन्ने विभिन्न सामग्रीहरु<br>-माटोबाट सामग्री बनाउने तरिका | -शिक्षकले विद्यार्थीहरुबाट आ-आफ्नो घरमा प्रयोग हुने माटोको सामग्रीहरुको नाम सोध्ने र सूची तयार पार्न लगाउने<br>-विद्यार्थीहरुलाई अवलोकन गराएर सामग्रीहरु बनाउन लगाउने<br>-विद्यार्थीहरुलाई माटोबाट बन्ने मोडेल हरु स्याउ,सुन्तला र केरा बनाउन लगाएर। | -निम्न लिखित प्रश्नको आधारमा मूल्याङकन गर्नु होस्।<br>विद्यार्थीहरुलाई आफ्नो घरमा प्रयोग हुने माटोको २\२ वटा सामग्रीको सूचि बनाउन लगाएर।<br>-प्रयोगात्मक कार्य<br>-परियोजना कार्य | १८ |
| ८ | स्थानीय भाषा र लिपि | -थारु भाषाको परिचय<br>-थारु भाषाको इतिहास<br>-थारु भाषाको महत्व<br>-थारु भाषाको कविता, कथा | -शिक्षकले थारु भाषा जान्ने विद्यार्थीसंग थारु भाषा बोल्न लगाउने<br>-थारु भाषाको इतिहास र महत्व छलफल गर्दै शिक्षकले सहजीकरण गर्ने<br>-थारु भाषाको लेख रचना हरु पढ्न, लेख्न र क्रियाकलाप गर्न लगाउने | -प्रश्नोत्तर गरेर<br>-अवलोकन गरेर<br>-वाचन गरेर<br>-लेख्न लगाएर | १२ |

**कक्षा- ८ क्षेत्रक्रम र विषयवस्तुको विस्तृतिकरण**

| क स | विषय क्षेत्र / एकाइ | विययवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलापहरु | सम्भावित विद्यार्थी मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| १ | कलैया परिचय | -नगर कार्यपालिकाको गठन प्रकृया<br>-नगर कार्यपालिकाको काम,कर्तब्य र अधिकार<br>-न्यायिक समितिको काम,कर्तब्य र अधिकार<br>-पालिकाको नक्सा<br>-पालिकाको बिभिन्न ठाउँहरु | -विद्यार्थीहरुलाई नगर कार्यपालिकाको गठन प्रकृया powerpoint को सहयोगबाट सहजीकरण गर्ने ।<br>-नगर कार्यपालिकाको काम, कर्तब्य powerpoint को सहयोग बाट सहजीकरण गर्ने।<br>-न्यायिक समितिको काम,कर्तब्य र अधिकारलाई समूह विभाजन गरी लेखन कार्य गर्न दिने।<br>-विद्यार्थीहरुलाई पालिकाको नक्सा दिइ विभिन् ठाउँहरु (जस्तै;महावीर मन्दिर,हाट बजार,घण्टाघर) भर्न दिने । | -निम्नलिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस्।<br>-पालिकाको गठन प्रकृया लेख्नुहोस् ।<br>-नगर कार्यपालिकाको काम,कर्तब्य र अधिकार के-के हुन ? लेख्नुहोस्<br>-परियोजना कार्य गर्न लगाएर<br>-परीक्षण गर्न दिएर | १२ |
| २ | ऐतिहासिक तथा पर्यटकीय स्थल | -बरेवा दरबारको परिचय<br>-बरेवा दरबारको महत्व<br>-पर्यटनमा देखिएका समस्या पहिचान<br>-पर्यटन प्रबर्धनका उपायहरु | -शिक्षकले बरेवा दरबारको परिचय ,ऐतिहासिक महत्व ppt को मदतबाट सहजीकरण गर्ने<br>-विद्यार्थीहरुलाई समूह विभाजन गरी पर्यटनको समस्या लेख्न लगाउने र शिक्षकले त्यसमा सहजीकरण गरिदिने | -निम्न प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस्।<br>-बरेवा दरबारको ऐतिहासिक परिचय दिनुहोस।<br>-बरेवा दरबारको महत्व लेख्नुहोस्।<br>-पर्यटनमा देखिने समस्याहरु के-के हुन?<br>-पर्यटन प्रबर्धनका उपायहरु के-के हुन? | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | -शिक्षकले powerpoint को सहयोगबाट,वा अन्य बिधिको प्रयोगबाट पर्यटन प्रबर्धनका उपायहरु बताउने | -अवलोकन गरेर ।<br>-परियोजना कार्य गर्न लगाएर । | |
| ३ | धर्म,संस्कृति र संस्कार | -झन्डिमेलाको परिचय<br>-झन्डिमेलाको महत्व<br>-स्थानीय लोक संस्कृति लोप हुने कारणहरु<br>-स्थानीय लोक संस्कृति सँरक्षण गर्ने उपायहरु<br>-हिन्दु धर्मावलम्बीहरुको प्रमुख संस्कारहरु | शिक्षकले झन्डिमेलाको परिचय र महत्व बारे विद्यार्थी समूहमा छलफल गर्न लगाउने र प्रस्ट पारी दिने।<br>-शिक्षकले विद्यार्थीहरुलाई समुह विभाजन गरेर स्थानीय लोक संस्कृति लोप हुने कारण र संरक्षण गर्ने उपायहरु लेख्न लगाउने।<br>-शिक्षकले powerpoint को सहयोगबाट हिन्दु धर्मावलम्बीहरुको प्रमुख संस्कारहरु (जन्म,विवाह र मृत्यु) बारेमा सहजीकरण गरी दिने । | निम्नलिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस्।<br>-झन्डिमेलाको परिचय दिनुहोस्<br>-झन्डिमेलाको ३ वटा महत्व लेख्नुहोस्।<br>-स्थानीय लोक संस्कृति लोप हुने ४ वटा कारणहरु के-के हुन?<br>-स्थानीय गाउँ,ठाउंमा अवलोकन गरेर।<br>-परियोजना कार्य गर्न दिएर ।<br>-हिन्दु धर्मावलम्बीहरुको मुख्य संस्कारको बारेमा अनुछेद लेख्न लगाउने | २० |
| ४ | कृषि, जडिबुटी र व्यवसाय | -कृषिमा आधारित उद्योगको महत्व<br>-परम्परागत कृषि प्रणालीको परिचय<br>-आधुनिक कृषि प्रणालीको परिचय<br>-परम्परागत र आधुनिक कृषि | -शिक्षकले powerpoint को माध्यमबाट कृषिमा आधारित -उद्योगको महत्व,परम्परागत कृषिको परिचय,आधुनिक कृषिको परिचय , दुवै बिचको भिन्नता बताई दिने ।<br>-विद्यार्थीहरुबाट स्थानीय | निम्नलिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस<br>-कृषिमा आधारित उद्योगको महत्व बताउनु होस्।<br>-परम्परागत र आधुनिक कृषि बिच ४\४ वटा भिन्नता लेख्नुहोस्।<br>-तुलसी र हरसिँहारको ३\३ वटा औषधीय | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -प्रणाली बिच भिन्नता<br>-स्थानीय जडिबुटीहरुको औषधीय गुणहरु | जडिबुटीहरुको नाम क्रमशः सोध्दै बोर्डमा लेख्ने सङकलित नाम कापिमा नोट गर्न लगाउने ।<br>-शिक्षकले स्थानिय जडिबुटिहरुको औषधीय गुणहरु ppt को सहयोगबाट सहजीकरण मार्फत प्रष्ट गरी दिने । | गुणहरु बताउनु होस्।<br>-अवलोकन गरेर ।<br>-परियोजना कार्य गर्न दिएर । | |
| ५ | वातावरण,प्रकोप र सफाइ | -प्रदूषणको परिभाषा<br>-प्रदूषणको किसिम<br>-प्रदूषण हुने कारण<br>-प्रदूषण रोकथामका उपाय<br>-पोषणको परिचय<br>-सन्तुलित आहारको महत्व<br>-प्रकोप र बिपद बिच भिन्नता<br>-बिपद व्यवस्थापनको तरीका<br>-आगलागी र शीतलहरको परिचय<br>-आगलागी र शीतलहरको कारण र न्युनीकरणका उपायहरु<br>-योगको किसिम र तरीका | -शिक्षकले Powerpoint को माध्यमबाट विद्यार्थीलाई प्रदूषणको परिचय,किसिम बताउने<br>-शिक्षकले विद्यार्थीहरुलाइ समूह बनाइ प्रदूषणको कारण,रोकथाम लेख्न लगाउने र शिक्षकले अन्त्यमा प्रष्ट पारी दिने।<br>-शिक्षकले Powerpoint को सहयोग बाट पोषणको परिचय,सन्तुलित आहारको महत्व बताइ दिने।<br>-शिक्षकले विद्यार्थीको समूहमा प्रकोप र बिपद को सूचि,प्रकोप र बिपद बिचको भिन्नता लेख्न दिने।<br>-शिक्षकले Powerpoint को मदतबाट बिपद ब्यवस्थापनको तरीका,आगलागी,शीतलहरको परिचय,हुने कारणहरु र | निम्नलिखित प्रश्नको आधारमा मुल्याँकन गर्नु होस.<br>-प्रदूषणको परिचय,प्रदूषण हुने कारणहरु के के हुन?<br>प्रदूषणका रोकथामहरु लेखनुहोस ।<br>पोषणको परिचय र सन्तुलित आहारको महत्व लेख्नुहोस्।<br>-प्रकोप र बिपद बिच भिन्नता लेख्नुहोस् ।<br>-बिपद व्यवस्थापनका तरीका लेख्न लगाएर।<br>-आगलागी र शीतलहरको परिचय लेख्नुहोस्।<br>-आगलागी र शीतलहरका कारणहरु र न्युनीकरणका उपायहरु लेख्नुहोस्।<br>-समुह कार्य गर्न दिएर<br>-अवलोकन गरेर<br>-परियोजना गर्न लगाएर | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | न्युनीकरणका उपायहरु सुझाउने<br>-शिक्षकले योगको किसिम र गर्ने तरिका गरेर देखाई दिने। | | |
| ६ | संघसंस्था र व्यक्ति परिचय | -मोहन बिक्रम शाह(रामराजा) को जीवनी<br>-मोहन बिक्रम शाह(राम राजा) को योगदानहरु<br>-डा.केशब उपाध्यायको जीवनी र योगदान<br>-रामलाल चनावालाको जीवनी र योगदानहरु | चित्र,फोटो,बायोग्राफी संकलन गरी विभिन्न स्थानीय व्यक्तित्वहरुको परिचय र योगदान बताउने ।<br>-स्थानीय व्यक्तित्वहरुको फोटो संकलन गर्न लगाई योगदान समेत उल्लेख भएको पर्चा बनाउन लगाउने। | निम्नलिखित प्रश्नहरुको आधारमा मूल्याङकन गर्नुहोस।<br>-मोहन विक्रम शाह को हुन् ?<br>-मोहन विक्रम शाहका कृतिहरु के-के हुन ?<br>-परियोजना कार्य गर्न लगाएर<br>-स्थलगत ,अवलोकन गरेर | १६ |
| ७ | स्थानीय पेसा र प्रविधि | -बाँसबाट बन्ने सामग्रीहरु<br>-बाँसबाट विभिन्न सामग्री बनाउने तरिका | -शिक्षकले विद्यार्थीहरुबाट आ-आफ्नो घरमा प्रयोग हुने बाँसका सामग्रीहरुको नाम सोध्ने र बोर्डबाट कापिमा नोट गर्न लगाउने ।<br>-शिक्षकले बाँसबाट बनाउने सामग्रीहरुको बनाउने तरिका स्थानीय विज्ञको सहयोगबाट सहजीकरण गर्ने। | निम्न लिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस।<br>-बाँसबाट निर्माण हुने सामाग्रीहरुको सूचि बनाउनुहोस।<br>-बाँसका सामाग्रीहरुको फाईदा लेख्नुहोस्।<br>-अवलोकन गरेर।<br>-परियोजना कार्य गर्न लगाएर । | १८ |
| ८ | स्थानिय भाषा र लिपि | -कैथी लिपिको परिचय<br>-भोजपुरी भाषाको परिचय<br>-भोजपुरी भाषाको ईतिहास<br>-भोजपुरी भाषाको महत्व<br>-भोजपुरी भाषाको कविता | -शिक्षकले powerpoint को माध्यमबाट कैथी लिपि परिचय,भोजपुरी भाषाको परिचय र ईतिहास बताउने ।<br>विद्यार्थीहरुलाई समूहमा राखी — | निम्न लिखित प्रश्नको आधारमा मूल्याङकन गर्नुहोस्।<br>-कैथी लिपीको परिचय दिनुहोस् ।<br>-भोजपुरी भाषाको परिचय दिनुहोस्<br>-अवलोकन गरेर। | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भोजपुरी भाषाको कथा | -भोजपुरी भाषाको महत्व लेख्न लगाउने र शिक्षकले प्रष्ट पारी दिने<br>-विद्यार्थीहरुलाई भोजपुरी भाषामा कथा र कविता पढ्न,लेख्न लगाउने। | -परियोजना कार्य गरेर<br>-अनुच्छेद पढ्न लगाएर | |

## १. शिक्षण सिकाइ विधिहरु

स्थानीय पाठ्यक्रम "हाम्रो कलैया" आठ ओटा विभिन्न विषय क्षेत्रहरु समेटेर तयार गरिएको छ । यसमा समावेश गरिएका विषयबस्तुहरु प्रकृतिका दृष्टिले फरक भएपनि महत्वका दृष्टिले सबै समान छन् । यस पाठ्यक्रममा ज्ञान, सीप र धारणा तिनै पक्षहरुलाई समेट्ने प्रयास गरिएको छ । अधिकांश विषयवस्तुहरुको प्रकृति प्रयोगमूलक तथा ज्ञानमूलक भएकोले छलफल, प्रश्नोत्तर अवलोकन भ्रमण, परियोजना कार्य जस्ता सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई प्राथमिकता दिइएको छ । स्थानीय पाठ्यक्रमले स्थानीय विषयवस्तुहरुलाई समेट्ने भएको हुँदा सोही अनुरुपका शिक्षण सिकाइका क्रियाकलापहरु प्रयोग गर्नुपर्ने हुन्छ । सिकारु विद्यार्थीहरुमा रहेको सिर्जनात्मक क्षमताको प्रस्फुटन गराउन व्यवहारिक तथा प्रयोगात्मक विधिमा आधारित क्रियाकलाप मार्फत सिकाउन आवश्यक हुन्छ । यस पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुहरु सिकाउंदा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरु यस प्रकार रहेका छन्ः

१. कथाकथन एवम् गीतः यस विधिमा विषयवस्तुलाई कथाको रुपमा प्रस्तुती तथा अवधारणाहरुलाई गीतका रुपमा प्रस्तुत गर्न सकिन्छ ।
२. छलफल तथा प्रश्नोत्तर विधिःयस विधिमा विद्यार्थीहरुको समूह निर्माण गरी प्रश्न उत्तर गर्न सकिन्छ। पश्नोत्तर छलफल कक्षामा सबैका अगाडी प्रश्न सोध्ने एकछिन पर्खने कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने उत्तर राम्रोसंग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।
३. प्रदर्शन विधिः शिक्षककले कुनै शैक्षिक सामाग्री प्रदर्शन गरेर विद्यार्थीलाई ज्ञान, सीप र धारणा बसाउन सकिन्छ । यसमा चित्र, तालिका, श्रब्य दृष्य सामाग्री आदिको प्रदर्शन गरी विद्यार्थीहरुमा विषयवस्तुसंग सम्बन्धित धारणा बसाउन सकिन्छ ।
४. समस्या समाधान विधिः यो गरेर सिक्ने विधिमा आधारित विधि हो । यसमा विषयबस्तुमा आधारित समस्या विद्यार्थीहरुलाई दिने र मस्तिष्क मन्थनका माध्यमबाट समस्या समाधान गरेर सिकाउने गरिन्छ।
५. अन्वेषण, अनुसन्धान तथा खोज विधिः सिकाइलाई क्रियाकलापलाई प्रभावकारी तथा दिगो बनाउन सिकाइसंग सम्बन्धित नयाँ नयाँ सूचना तथा तथ्यहरुको खोजी गर्ने विधि खोज विधि हो । यस विधिमा सिकारुलाई सिकाइसंग सम्बन्धित सामाग्रीहरु प्रदान गरिन्छ र सिकारु आफैले सामाग्रीको सहयोगमा समास्या समाधान वा प्रश्नको उत्तर खोज्नुपर्छ ।
६. अवलोकन विधिः स्थलगत वा वस्तुगत अवलोकनको माध्यमबाट गराइने शिक्षण सिकाइ क्रियाकलापलाई अवलोकन विधि भनिन्छ । विषयवस्तुको प्रकृति अनुसार यस विधिको प्रयोग गर्न सकिन्छ । विशेषतः संस्कृति सम्पदा, पर्यटन, वातावरण आदि विषयको शिक्षण गर्दा यस विधिको प्रयोग गरिन्छ ।
७. परियोजना विधिः यो सहभागितामूलक शिक्षण सिकइ क्रियाकलाप हो । यो विद्यार्थीहरुको प्रत्यक्ष संलग्नतामा आधारित विधि हो । यसमा विद्यार्थीहरुलाई परियोजना कार्यमा संलग्न गराई सिक्ने अवसर प्रदान गरिन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर सिकाइ स्तर स्थानीय परिवेश आदिका आधारमा परियोजना कार्य दिनुपर्छ ।

८. क्षेत्र भ्रमणः यो गरेर सिक्ने सिद्धान्तमा आधारित विधि हो । यसम विद्यार्थीको प्रत्यक्ष संलग्नतामा सिकाइ हुन्छ । विषयवस्तुसंग सम्बन्धित क्षेत्र वा स्थानको भ्रमण गरी अध्ययन गर्ने विधिलाई क्षेत्र भ्रमण विधि भनिन्छ । यो इतिहास, भूगोल, कृषि, पर्यटन, संस्कृति आदि विषयमा उपयोगी हुन्छ ।
९. अभिनय विधि / भूमिका निर्वाहः कुनै पात्र चरित्र वा व्यक्तित्वसंग सम्बन्धित विषयवस्तुको शिक्षण गर्नुपर्दा यस विधिको प्रयोग गर्न सकिन्छ । यसमा सम्बन्धित पात्र वा व्यक्तित्वको अभिनय शिक्षक वा विद्यार्थीले जो सुकैले पनि गर्न सक्छ ।
१०. घटना अध्ययन विधिः समाजका विविध क्षेत्रसंग सम्बन्धित घटनाहरुको अध्ययन, अवलोकनमा आधारित शिक्षण विधिलाई घटना अध्ययन विधि भनिन्छ । प्राकृतिक प्रकोप दुर्घटना आदिसंग सम्बन्धित विषयवस्तुको सहजीकरणमा यो विधि उपयोगी हुन्छ ।
११. स्वाध्ययन विधिः विषयवस्तुसंग सम्बन्धित विविध सामाग्रीहरुको अध्ययनबाट ज्ञान, सीप तथा धारणाहरुको विकास गर्ने विधि स्वाध्ययन विधि हो । पत्रपत्रिका, लेख, रचना, घटना आदि विद्यार्थीहरुलाई अध्ययन गर्न लगाएर ज्ञान, सीप तथा धारणाहरुको विकास गर्न सकिन्छ ।
१२. प्रविधियुक्त सिकाइ विधिः विषयवस्तुको प्रकृति अनुसार मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको प्रयोग गरी ज्ञान, सीप तथा धारणाको विकास गराउन सकिन्छ ।
१३. सिर्जनात्मक कार्यविधिः यसमा चित्र नक्सा कोर्ने /, रङ्ग भर्ने, कागज काट्ने र पट्याउने जस्ता कार्यहरुद्वारा सिकाइ गर्न सकिन्छ ।
१४. आगमन विधिः यस विधिमा विषयवस्तुसंग सम्बन्धित सुचनाहरुको संकलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रियाबाट सिकाई हुन्छ ।

## २. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङकन ५० प्रतिशत र अन्तिम परीक्षाको ५० प्रतिशत समावेश गरिने छ

(क) आन्तरिक मूल्याङ्कन (४- ८)

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । स्थानीय पाठ्यक्रम कक्षा ४-८ सम्मको आन्तरिक मूल्याङ्कन गर्दा पाठ्यक्रम विकास केन्द्र सानोठिमीबाट तयार गरिएको "विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० (आधारभूत तह कक्षा ४-८)" मा उल्लिखित आधार र मामदण्ड समेतलाई आधार बनाउनु पर्नेछ ।आन्तरिक मूल्याङ्कनका पक्ष अङ्क भार निम्म तालिकामा उल्लेख गरे बमोजिम हुनेछ।

| सि.न. | मूल्यांकनका पक्ष | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | सहभागिता | ४ | सहभागिता अन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना | कार्य, प्रयोगात्मक कार्य, समूहकार्य लगायतका अन्य पक्ष रहनेछन् । |
| २. | प्रयोगात्मक / परियोजना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ। |
| ३. | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
|  | जम्मा | ५० |  |

कक्षा ४- ८ सम्मको आन्तरिक मूल्याङ्कनका आधारहरु निम्नानुसार हुनेछन् ।

| क्र स | आन्तरिक मूल्याङ्नका सूचकहरु | आन्तरिक मूल्याङ्कनका आधारहरु | अङ्क भार |
|---|---|---|---|
| १ | उपस्थिति तथा कक्षा सहभागिता | कक्षामा उपस्थिति र सिकाक्ष क्रियाकलापमा सकृयता र सहभागिता | ४ |
| २ | परियोजना कार्य | (क) परियोजना कार्य सञ्चालन : स्थलगत भ्रमण चार्ट निर्माण मोडेल निर्माण तालिकिकरण लगायत. -१० | २० |

| | | | |
|---|---|---|---|
| | | (ख) परियोजना कार्यको प्रस्तुतीकरण - ५<br>(ग) परियोजना कार्यको प्रतिवेदन तथा अभिलेखीकरण - ५ | |
| ३ | प्रयोगात्मक तथा सिर्जनात्मक कार्य | (क) प्रयोगात्मक तथा सिर्जनात्मक कार्य - ८<br>(ख) प्रयोगात्मक तथा सिर्जनात्मक कार्यको प्रस्तुतीकरण - ४<br>(ग) प्रयोगात्मक तथा सिर्जनात्मक कार्यको प्रतिवेदन तथा अभिलेखिकरण -४ | १६ |
| ४ | त्रैमासिकक परीक्षा | *पहिलो त्रैमासिक परीक्षा -५ अङ्क दोस्रो त्रैमासिक परीक्षा -५ अङ्क | १० |
| | जम्मा | | ५० |

*प्रत्येक त्रैमासिक परीक्षामा ५० अङ्कको परीक्षा लिएर ५ अङ्कमा परिवर्तन गर्ने ।

### (ख) परियोजना कार्य, प्रयोगात्मक तथा सिर्जनात्मक कार्य

परियोजना कार्य, प्रयोगात्मक तथा सिर्जनात्मक कार्य आन्तरिक मूल्याङ्कनको अभिन्न अङ्ग हो । परियोजना कार्य, प्रयोगात्मक तथा सिर्जनात्मक कार्यहरु गर्दा विद्यार्थीहरुले गरेर सिक्ने अवसर पाउने हुनाले उनीहरुले आर्जन गरेको ज्ञान र सिप जीवनको लामो समयसम्म प्रभाव पार्दछ । कक्षा ४ देखि ८ सम्म पठन पाठन गराउँदा कक्षाकोठा भित्र वा कक्षा कोठा भन्दा बाहिर गराउन सकिने केहि परियोजना कार्य, प्रयोगात्मक कार्य तथा सिर्जनात्मक कार्यसम्बन्धि क्रियाकलापका उदाहरणहरु अनुसूची -३ मा दिइएको छ ।

### (ग) अन्तिम मूल्याङ्कन

बाह्य मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नलिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ ।

(घ) प्रश्न पत्र निर्माण योजना (Specification Grid)

(अ) कक्षा ४- ५ प्रश्न पत्र निर्माण योजना (Specification Grid)

| प्रश्न क्षेत्र | वस्तुगत प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङख्या | अकंभार | जम्मा अङक | प्रश्न सङख्या | अकंभार | जम्मा अङक | प्रश्न सङख्या | अकंभार | जम्मा अङक | | |
| कलैया परिचय | ३ | १ | ३ | १ | २ | २ | | | | ४ | ५ |
| ऐतिहासिक,तथा पर्यटकीय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| धर्म,संस्कृति र संस्कार | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | १० |
| कृषि, जडिबुटी र व्यवसाय | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| वातावरण, प्रकोप र सफाइ | ३ | १ | ३ | २ | २ | ४ | १ | ३ | ३ | ६ | ६ |
| संघसंस्था र व्यक्ति परिचय | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| स्थानीय पेसा र प्रविधि | १ | १ | १ | १ | २ | २ | १ | ३ | ३ | ३ | ६ |
| स्थानीय भाषा र लिपि | २ | १ | २ | १ | २ | २ | | | | ३ | ४ |
| जम्मा | १५ | ८ | १५ | १० | १६ | २२ | ६ | १८ | १८ | ३२ | ५० |

नोट

- प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङकन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
- ज्ञान तहका सबै प्रश्नहरू १ अङकका, बोधका २ अङकका र उच्चतहमा ३ अङकका हुने छन् ।
- ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ।
- वस्तुगत प्रश्नहरु खाली ठाउँ भर्ने, बहुबैकल्पिक तथा एक शब्दमा उत्तर आउने खालको हुनु पर्नेछ ।

(आ) कक्षा ६- ८ प्रश्न पत्र निर्माण योजना

| प्रश्न / क्षेत्र | वस्तुगत प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङख्या | अङक भार | जम्मा अङक | प्रश्न सङख्या | अङक भार | जम्मा अङक | प्रश्न सङख्या | अङक भार | जम्मा अङक | | |
| कलैया परिचय | ३ | १ | ३ | १ | २ | २ | | | | ४ | ५ |
| ऐतिहासिक,तथा पर्यटकीय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| धर्म,संस्कृति र संस्कार | ३ | १ | ३ | २ | २ | ४ | | | | ५ | ७ |
| कृषि, जडिबुटी र व्यवसाय | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| वातावरण, प्रकोप र सफाइ | ३ | १ | ३ | २ | २ | ४ | | | | ५ | ७ |
| संघसंस्था र व्यक्ति परिचय | २ | १ | २ | | | | १ | ४ | ४ | ३ | ६ |
| स्थानीय पेसा र प्रविधि | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| स्थानीय भाषा र लिपी | २ | १ | २ | १ | २ | २ | | | | ३ | ४ |
| जम्मा | १६ | ८ | १६ | ९ | १४ | १८ | ४ | १६ | १६ | २९ | ५० |

नोट

- प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङकन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
- ज्ञान तहका सबै प्रश्नहरू १ अङकका, बोधका २ अङकका र उच्चतहमा ४ अङकका हुने छन् ।
- ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ।
- वस्तुगत प्रश्नहरु खाली ठाउँ भर्ने, बहुबैकल्पिक तथा एक शब्दमा उत्तर आउने खालको हुनु पर्नेछ ।

## अनुसूची- १ः विद्यार्थी सिकाइ उपलब्धि अभिलेख फारम

मापन गर्ने तरिका : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यार्थीले हासिल गरेमा सम्बन्धित कोठामा विद्यार्थीहरुले हासिल गरेको सिकाइ उपलब्धिका आधारमा न्यूनतम १ अङ्क र अधिकतम् ४ अङ्क दिनुहोस् । विद्यार्थीहरुले १ वा २ सिकाइ उपलब्धि स्तर मात्र हासिल गर्न सके भने उनीहरुलाई थप सिकाइसहायता पछि पुन मूल्याङ्कन गर्नुहोस् । प्रत्येक चार सूचक मध्ये हासिल भएका सूचकको अङ्क गनेर अङ्कन महलमा लेख्नुहोस् । तपाईंले प्रयोग गर्नुभएको साधनमा चिह्न लगाउनुहोस् वा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् ।सिकाइ उपलब्धि मूल्याङ्कन गर्दा प्रयोग गरिएका साधनहरु कैफियतको महलमा उल्लेख गर्नुहोस् । विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य (कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा), परियोजना कार्य जस्ता साधनहरु प्रयोग गर्न सकिन्छ ।

कक्षा : १ विषय : हाम्रो कलैया विषय क्षेत्र : कलैया परिचय विद्यार्थीको नाम : परिचय पत्र नम्बरः

| मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धी विस्तृतीकरण/ सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | | थप सिकाइ सहायता पछि मूल्याङ्कन | | | मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | सिकेको/ नसिकेको | मिति | अङ्कन | सिकेको/ नसिकेको | मिति | अङ्कन | |
| १.आफ्नो परिचय दिन | १.आफ्नो नाम बताउन | | | | | | | मौखिक प्रश्नोत्तर |
| | २.आफ्नो परिवारको सदस्यहरुको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३.परिवारका सदस्यहरुको नाता सम्बन्ध बताउन | | | | | | | मौखिक प्रश्न |
| | ४.आफ्नो जाति भन्न | | | | | | | प्रश्नोत्तर |
| २.आफ्नो विद्यालयको नाम बताउन | १.आफ्नो विद्यालयको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २.आफ्नो प्रधानाध्यापकको नाम बताउन | | | | | | | प्रश्नोत्तर |
| | ३.आफ्नो शिक्षकहरुको नाम बताउन | | | | | | | प्रश्नोत्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४.आफुलाई सबैभन्दा मनपर्ने शिक्षकको नाम बताउन | | | | | | | प्रश्नोत्तर |
| ३.आफ्नो टोलको परिचय दिन | १.आफ्नो टोलको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | २.टोलमा भएका आफ्ना साथीहरुको नाम बताउन | | | | | | | मौखिक प्रश्न |
| | ३. आफ्नो घर जोडिएको छिमेकीहरुको नाम बताउन | | | | | | | मौखिक/लिखित प्रश्न |
| | ४.आफ्नो वडा नं. भन्न | | | | | | | मौखिक प्रश्न |
| ४.आफ्नो छिमेकी टोलको नाम बताउन | १.आफ्नो टोलसंग जोडिएका छिमेकि टोलहरुको नाम भन्न | | | | | | | मौखिक प्रश्न |
